## अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय विचार आदानप्रदानको माध्यम हो । समाजका मानिसहरू भाषाकै माध्यमबाट एक आपसमा भावनाहरूको साटासाट गर्दछन् । त्यसैले भाषा सामाजिक वस्तु पनि हो । कुनै पनि व्यक्तिले घर-परिवार तथा समाजबाट भाषा आर्जन गर्दछ । मानिस सामाजिक प्राणी  हो । त्यसले ऊ समाजमै बस्दछ र समाजमा अन्य सदस्यहरूसँग एक आपसमा सुमधुर सम्बन्ध कायम गर्दछ ।

भाषा तथा विचारका विनिमय विभिन्न प्रसङ्ग र परिवेशअनुसार भिन्न भिन्न तरिकाले हुने गर्दछ । भाषाका मौखिक र लिखित गरी दुई रूप हुन्छन् । भाषाको मौखिक रूप सुन्ने र बोल्ने प्रक्रियामा आधारित हुन्छ अर्थात् भाषा सुनाइ,बोलाइ ,पढाइ र लेखाइसँग सम्बन्धित हुन्छ । भाषाले मानवीय व्यवहारका विभिन्न सन्दर्भलाई समेटेको    हुन्छ । भाषाका कथ्य रूप मौखिक भाषाको कथन प्रकियासँग सम्बन्धित हुन्छ । यसैले यसको संरचनामा अनौपचारिक प्रस्तुति रहने गर्दछ । भाषाको लेख्यरूप लिखित स्वरूपसँग सम्बन्धित हुन्छ । भाषाले मानवीय व्यवहारका विभिन्न सन्दर्भलाई समेटेको हुन्छ ।

भाषाका कथ्य रूप मौखिक भाषाको कथन प्रकियासँग सम्बन्धित हुन्छ । यसैले यसको संरचनामा अनौपचारिक प्रस्तुति रहने गर्दछ । भाषाका लेख्यरूप लिखित स्वरूपसँग सम्बन्धित हुन्छ । यसैले लिखित रचनाहरूका वा सृजनाहरू लेख्य स्वरूप हुन्छ जहाँ विचारको पूर्णता प्रकट भएको हुन्छ ।

स्तरीय भाषाको प्रयोगमा अशुद्ध बोल्ने र लेख्ने प्रवृति प्रशस्त पाइन्छ । यस्ता अशुद्धिहरू मातृभाषाको प्रभाव द्विभाषिक आदान प्रदान आदि विभिन्न कारणले हुन सक्छन् । यस परिप्रेक्ष्यमा थारू मातृभाषी विद्यार्थीहरूको नेपाली भाषाको लेखन अभिव्यक्ति क्षमताको अभिव्यक्ति गर्न लेख्न अभिव्यक्ति क्षमताको अध्ययन अत्यावश्यक देखिन्छ । लेखन सिप विकास गर्न प्रशस्त प्रयोग र अभ्यास गराउनु पर्दछ । तल्ला कक्षाहरूमा अनुलेखन, श्रुतिलेखन, हस्तलेखन, चित्र वर्णन जस्ता कार्यकलाप तथा माथिल्लो कक्षाहरूमा निबन्ध

लेखन, निवेदन लेखन, चिट्ठी लेखन, अनुच्छेद लेखन, वाद-विवाद लेखन, जस्ता कार्यकलापमा विद्यार्थीहरूलाई सरिक गराएर उनीहरूमा लिखित अभिव्यक्ति सिपको विकास गराउनु पर्दछ । सामान्यत : शब्द छनोट, अभिव्यक्ति शैली, मानक भाषाको प्रयोग वर्णविन्यास, वाक्यगठन जस्ता पक्षलाई लिन सकिन्छ । यसरी सिकारुको भाषा विकास तथा सिकाइको गति र प्रवृति थाहा पाउन पनि लिखित अभिव्यक्ति क्षमताको र परीक्षा गर्न आवश्यक हुन्छ ।

१. थारु मातृभाषी विद्यार्थीहरुको स्तरीय नेपाली लिखित अभिव्यक्ति कस्तो छ ?
२. लिखित अभिव्यक्तिमा उनीहरुको के कस्तो कमीकमजोरीहरु छन् ?
३. ती कमजारीहरुको निराकरणका उपायहरु के के छन् ?

## १.२ **समस्या कथन**

नेपाल बहुभाषिक ,बहुजाति र बहुसांस्कृतिक राष्ट्र हो । विश्वको ठूलो भाषा परिवार भारोपेली भाषा परिवार हो । भारोपेली वर्गका, नेपाली, मैथली, थारू ,दनुवार,अवधी, दरै, कुमाल, भोजपुरी, हिन्दी आदि भाषाहरू नेपालमा बोलिन्छन् । यीमध्ये बर्दिया कैलाली, सिराहा, दाङ्, कञ्चनपुर, सप्तरी, सुनसरी बाँके, कपिलबस्तु, चितवन, नवलपरासी, उदयपुर, मोरङ, बारा, रूपन्देही, रौतहट, सर्लाही आदि जिल्लामा बस्ने थारूहरूले बोल्ने भाषा नै थारू भाषा हो ।

भाषा सिकाइका क्रममा पहिलो भाषा र दोस्रो भाषाका समान विशेषताहरू सिक्न सजिलो हुन्छ भने असमान विशेषताहरू सिक्न असजिलो हुने हुन्छ । दोस्रो भाषाका विद्यार्थीलाई लक्ष्य भाषा सिकाउँदा स्रोत भाषाले महत्त्वपूर्ण भूमिका खेल्दछ । शिक्षकले दोस्रो भाषा सिकाउनु अघि शिक्षार्थीका भाषिक पृष्ठभूमिको जानकारी प्राप्त गरेमा सिकाइमा प्रभाव पार्ने ठाउँमा विशेष ध्यान पुऱ्याई शिक्षण सिकाइ सहज बनाउन मद्दत पुग्दछ । भाषा सामाजिक वस्तुका रूपमा रहेकाले यसलाई समाजभन्दा बाहिर राखेर हेर्न सकिँदैन । भाषाहरू विविध समाज र संस्कृति सापेक्षा विकसित हुने भएकाले यसमा विविध सामाजिक र सांस्कृतिक पक्षहरूको प्रभाव देख्न सकिन्छ । यसले भाषाको वर्ण व्यवस्था व्याकरण व्यवस्था र अर्थ व्यवस्थामा पृथकता सिर्जना हुन गई भाषिक भेदहरूको विकास हुन सक्दछ । भाषाको यही आफ्नै प्रकृति र व्यवस्थाले गर्दा एकै मातृभाषीले दोस्रो भाषाको

विभिन्न प्रयोजनका निम्ति सम्प्रेषणीय प्रयोग गरे पनि मानक तथा स्तरीय भने रहेको पाइँदैन । त्यसका पनि विशेष गरी लिखित अभिव्यक्ति सम्बन्धी समस्याहरूलाई प्रमुख रूपमा लिन सकिन्छ ।

नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । वास्तवमा नेपालमा द्विभाषिकताको वातावरण रहेकाले नेपाली भाषा शिक्षणको ठूलो महत्त्व रहेको देखिन्छ । यसर्थ विभिन्न मातृभाषी विद्यार्थीहरूलाई स्तरीय नेपाली सिकाइमा देखिएका समस्याको पहिचान र विश्लेषण गरी समस्याको समाधान गर्न सकिन्छ । त्यसका निम्ति विविध मातृभाषी विद्यार्थीहरूका भाषिक समस्या र कमजोरीहरूको अध्ययन विश्लेषण गर्नु आवश्यक छ । यस सन्दर्भमा नवलपरासी जिल्लाका थारू मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली लेखाइमा देखाएका विविध प्रकृतिका समस्याहरूका साथै उनीहरूका लिखित अभिव्यक्ति क्षमताको अध्ययन विश्लेषण गरिनु उचित देखिन्छ ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य संवद्ध शोध समस्याहरूको प्रमाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोधसमस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने उद्देश्यले ती समस्याहरूलाई समाधान गर्ने बाटो देखाउँछ । त्यसैले शोध समस्या शीर्षकमा केन्द्रित हुन्छ भने उद्देश्य समस्यामा केन्द्रित हुन्छ । शोधकार्यका उद्देश्य शोधसमस्यामा आधारित हुने भएकोले त्यसैका आधारमा उद्देश्य निर्धारण गर्नुपर्दछ (भण्डारी र ओझा, २०६८: ११९) शोधार्थीले शोध प्रस्ताव तयार गर्दा शीर्षकले सङ्केत गरेका विषयवस्तु सम्बन्धी प्रश्न जिज्ञासा वा समस्याहरू के के हुन ? कुन कुन समस्याहर समाधान गर्नुपर्ने छ ? भन्ने कुरामा आधारित भई स्पष्ट उद्देश्य निर्धारण गर्नुपर्दछ । प्रस्तुत शोधकार्यका उद्देश्य निम्नानुसार छन् ।

१. नवलपरासी जिल्लाका कक्षा १० मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको स्तरीय नेपालीमा लिखित अभिव्यक्ति क्षमता पहिचान गर्नु,
२. लिखित अभिव्यक्ति कमजोरीहरू पत्ता लगाई तिनको निराकरणका उपायहरू सुझाउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता/औचित्य

भाषा मानवीय विचार आदान-प्रदान गर्ने एउटा प्रमुख माध्यम हो । कुनै पनि व्यक्तिको पहिचान उसको भाषा, सामाजिक परिवेश, रीतिरिवाज आदिमा लुकेको हुन्छ । व्यक्तिले आफ्नो दैनिक कार्य व्यवहार सञ्चालन गर्न प्रयोगमा ल्याउने बोली नै उसको मातृभाषा हो। संसारमा बोलिने भाषाको वास्तविक तथ्य नभए पनि सालाखाला विभाजन भने विभिन्न विद्वानहरूले गरेका छन् । नेपालमा के कति भाषा बोलिन्छन् भन्ने कुरा राष्ट्रिय जनगणना २०६८ ले १२३ भाषाहरू देखाएको छ । जुन राष्ट्रिय भाषा पनि एउटा स्वतन्त्र भाषाको रूपमा स्थापित भइसकेको छ ।

प्रस्तुत शोधपत्र विशेषत : शिक्षाको अवसरबाट बञ्चित समुदायलाई मातृभाषाको माध्यमबाट स्थानीय स्तरमा शिक्षाको अवसरबाट सुनिश्चित गर्ने उपायको खोजी गर्न साथै लेखन अभिव्यक्तिमा देखिएका कठिनाइलाई समाधान गरी समयानुकुल शिक्षाको विकासमा जोड दिन स्थानीय स्तरको जनसमुदायलाई मातृभाषाको माध्यमद्वारा अगाडी बढाउन, स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न आफ्नो समाजमा भएका अमूल्य निधिलाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराई स्थानीय वातावरणलाई अगाडि बढाउन प्रस्तुत अध्ययन सान्दर्भिक देखिन्छ ।

१. नवलपरासी जिल्लाका कक्षा १० मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको स्तरीय नेपालीमा लिखित अभिव्यक्ति क्षमता के कस्तो छ ?
२. थारु मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्तिमा के कस्ता कमजोरीहरू छन् ?
३. उक्त कमजोरीहरू सुधारका निम्ति के कस्ता उपायहरू हुन सक्छन् ?

भाषा सिकाइ भाषाका बारेमा नभई भाषिक सिपहरूको सिकाइ हो । भाषाका आधारभूत सिपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) एक-आपसमा अन्तर्सम्बन्धित हुन्छन् । कुनै एक सिपमा दक्ष हुनका लागि अन्य सिपको पनि विकास भएको हुनुपर्छ नत्र सिकाइ अपूर्ण हुन जान्छ । यी भाषिक सिपहरूमा दक्षता हासिल गर्न नेपाली मातृभाषी विद्यार्थीहरूलाई पनि प्रशस्त अभ्यासको आवश्यकता पर्दछ भने नेपाली दोस्रोभाषी विद्यार्थीहरूलाई यसमा अभ्यस्त बनाउनु अझ कठिन हुन्छ । प्रत्येक भाषाका आफ्नै व्यवस्था

र विशिष्टता हुन्छन् । तिनै भाषिक विशिष्टताको ख्याल गरी भाषा सिकाइ गराउन सकियो भने मात्र भाषा सिकाइ प्रभावकारी हुन्छ ।

पहिलो भाषा र दोस्रो भाषाको सिकाइमा पहिलो भाषाको व्यवस्थाले दोस्रो भाषा सिकाइमा भाषिक व्यवस्था समान भएका अवस्थामा सिकाइ सहज हुने र असमान भएमा असहज हुने हुन्छ । यहाँ थारू मातृभाषी विद्यार्थीहरूलाई नेपाली भाषा सिकाइका सन्दर्भमा समान भाषा परिवार भएका नाताले कतिपय स्थानमा सिकाइ सहज हुने भए तापनि कतिपय स्थानमा विशेषगरी सिकारुलाई लिखित अभिव्यक्तिका सिपमा समस्या उत्पन्न हुने देखिन्छ । त्यसकारण उनीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन हुनु वाञ्छनीय रहेको छ ।

कुनै पनि क्षेत्र वा विषयको अध्ययन अनुसन्धान आफैमा महत्त्वपूर्ण रहेको हुन्छ । जसबाट प्राप्त निष्कर्षलाई सही रूपमा उपयोग गर्न सकियो भने यसबाट अपेक्षाकृत प्रतिफल हासिल गर्न सकिन्छ । यहाँ थारूभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययनले भाषाको शुद्धता र स्तरीयता तर्फ अभिप्रेरित गरी भिन्न मातृभाषी विद्यार्थीहरूलाई दोस्रो भाषाको रूपमा नेपाली भाषा शिक्षण गर्दा केही न केही सहयोग अवश्य पुग्ने आशा गरिएको छ । थारू मातृभाषी बढी रहेको क्षेत्रमा विद्यार्थीहरूलाई सिकाइप्रति सचेत गराउन, सिकाइका कमी कमजोरी सच्याउनका साथै शिक्षकलाई सजग रहन पनि यस शोधले आधार प्रदान गर्दछ । थारूभाषी विद्यार्थीहरूको अध्ययनबाट यस क्षेत्रमा गरिने भावी अध्ययन तथा अनुसन्धानलाई समेत यसले आधार प्रदान गर्ने विश्वास गरिएको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

शोधार्थीले प्रस्तुत गरेको शोध शीर्षकले अध्ययनको क्षेत्रलाई स्पष्टसँग किटान गर्न नसकेको अवस्थामा प्रस्तुत शोधमा के कति विषयको अध्ययन गर्ने र के कति विषयको अध्ययन नगर्ने भनी उल्लेख गर्नुपर्दछ । शोधको क्षेत्र र सीमा प्रस्ट भयो भने शोध व्यवस्थित किसिमले अगाडि बढ्न सक्छ । क्षेत्र स्पष्ट भएन भने शोध सीमाबाट बाहिर गई उद्देश्यसम्म नपुगिने सम्भावना रहन्छ । त्यसैले शोधकार्यमा निर्धारित शीर्षक अन्तर्गत कुन-कुन पक्षको अध्ययन गर्ने हो सोको किटानी गर्नुलाई अध्ययनको सीमाङ्कन भनिन्छ । प्रस्तुत शोधकार्यमा निम्नानुसारका सीमाहरू रहेका छन् ।

क) प्रस्तुत शोध कक्षा दशमा अध्ययनरत थारु मातृभाषी विद्यार्थीहरूको अध्ययनमा मात्र केन्द्रित रहेको छ ।

ख) प्रस्तुत शोध नवलपरासी जिल्लाका पूर्वी भेगमा पर्ने चार सामुदायिक विद्यालय र चार संस्थागत विद्यालयलाई अध्ययनको क्षेत्र निर्धारण गरिएको छ ।

ग) प्रतिनिधि नमुना विद्यालयका रूपमा ८ वटा विद्यालयका १०/१० जना गरी जम्मा ८० जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

घ) प्रस्तुत शोध उक्त विद्यार्थीहरूले देखाउने विभिन्न क्षमतामध्ये नेपाली भाषामा लेखाइ सिप सम्बन्धी अनुच्छेद लेखन, निबन्ध लेखन, निवेदन लेखन, चिठ्ठी लेखन र वादविवाद लेखनसँग सम्बद्ध सामग्रीहरूको प्रयोगमा सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

अध्ययय एक : शोध परिचय समीक्षा

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र अध्ययन प्रक्रिया

अध्याय चार : समस्या तथा विश्लेषण

अध्याय पाँच : सारांश , निष्कर्ष

सन्दर्भ सामग्री

परिशिष्ट

व्यक्ति वृत्त

# अध्याय – दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि कार्य गर्दा विगतमा उक्त कार्यसम्बन्धी के-कस्ता अध्ययन भए वा गरिए भन्ने बारेमा जान्नु आवश्यक हुन्छ । पूर्वकार्यको अध्ययनबिना वर्तमान कार्यलाई पूर्णता दिन असम्भव हुन्छ । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबैको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु २०६५:२८) । पूर्वकार्यको समीक्षाबाट पहिले भएका अनुसन्धानबाट सिक्दै नयाँ कुराको खोज गर्न सहयोग पुग्दछ । नवलपरासी जिल्लाका कक्षा १० मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्तिमा देखिएको त्रुटि सम्बन्धी भएका केही अनुसन्धानात्मक कार्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

दौल्याल (२०६४) द्वारा **कञ्चनपुर जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकको शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यका मुख्य उद्देश्यहरूमा लिखित अभिव्यक्ति क्षमताअन्तर्गत निबन्ध लेखन क्षमताको अध्ययन गर्नु, तुलना गर्नु र सुधारका लागि सुझावहरू प्रस्तुत गर्नु रहेका छन् । प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका निजी र सरकारी गरी आठवटा विद्यालयका ८० जना विद्यार्थीहरूको अध्ययनमा सीमित रहेको छ । जसमा आत्मपरक र वस्तुपरक गरी चारवटा विषयमा निबन्ध लेख्न लगाई परीक्षण गरिएको छ । यसमा सर्वेक्षण विधि प्रयोग गरिएको पाइन्छ । यस अध्ययनमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक नरहेको र सरकारी विद्यालयकाभन्दा निजी विद्यालयका विद्यार्थीहरूको क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

रेग्मी (२०६४) द्वारा **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन** शीर्षकको अध्ययन भएको छ । प्रस्तुत अध्ययनमा पहिलो नेपाली भाषी विद्यार्थी र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग सम्बन्धी क्षमताको अधययन गर्ने र समस्या समाधानका लागि सुझाव दिने उद्देश्य राखिएको छ । यसमा काठमाडौं उपत्यकाभित्रका निजी र सरकारी गरी आठवटा विद्यालयका १०० जना

विद्यार्थीहरूको छनोट गरी वस्तुगत, स्वतन्त्र र श्रुतिलेखनबाट सामग्री सङ्कलन गरी अध्ययन विश्लेषण गरिएको छ । यसमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको, ग्रामीण र सरकारी सार्वजनिक विद्यालयका विद्यार्थीहरूको लेखनमा विद्यार्थीहरूले बढी त्रुटि रहेको, स्वतन्त्र लेखनमा विद्यार्थीहरूले बढी त्रुटि गरेको र नियन्त्रण लेखनमा बढी सक्षम रहेको निष्कर्ष निकालिएको छ ।

पौडेल (२०६५) द्वारा **सिन्धुली जिल्लाका कक्षा ५ मा अध्ययनरत दुनुवारी मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन** शीर्षकको शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययनको प्रमुख उद्देश्य दनुवारी मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको पहिचान गर्नु रहेको छ । क्षेत्रीय अध्ययन तथा नमुना सर्वेक्षण विधिमा आधारित प्रस्तुत अध्ययनका लागि ६ वटा विद्यालयका १०/१० जना विद्यार्थीलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरी विश्लेषण गरिएको छ । यस अध्ययनले छात्राहरूको तुलनामा छात्रहरूको लिखित अभिव्यक्ति क्षमताको स्तर केही उच्च रहेको र समग्र रूपमा हेर्दा बहु सङ्ख्यक छात्रछात्राहरूको लिखित अभिव्यक्ति क्षमता निम्न स्तरको रहेको निष्कर्ष निकालिएको छ ।

सापकोटा (२०६७) द्वारा **काभ्रे जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकको अध्ययन भएको पाइन्छ । काभ्रे जिल्लाका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, उक्त कक्षामा अध्ययनरत निजी र सरकारी विद्यालयका छात्रछात्राको अनुच्छेद लेखन क्षमताको स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, छात्र र छात्राको अनुच्छेद लेखन क्षमताको तुलना गर्नु र सम्बन्धित विद्यार्थीहरूका अनुच्छेद लेखन सम्बन्धी कमी कमजोरी पत्ता लगाई सुधारका लागि सुझाव दिनु यस अध्ययनका उद्देश्यहरू रहेका छन् । तथ्याङ्को विश्लेषणका लागि विभिन्न तथ्याङ्क शास्त्रीय विधिहरूको उपयोग यसमा गरिएको छ । यस अध्ययनमा काभ्रे जिल्लाका कक्षा ६ मा अध्ययनरत समपूर्ण विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम खालको रहेको कुरा उल्लेख गरिएको छ । त्यसै गरी सरकारी र निजी विद्यालयका विद्यार्थीहरूकोभन्दा निजी विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्तर उच्च रहेको निष्कर्ष निकालिएको छ ।

सापकोटा (२०६७) द्वारा **सुर्खेत जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र प्रस्तुत भएको पाइन्छ । सुर्खेत जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, छात्र र छात्रा तथा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थी तथा निजी र सरकारी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु सम्बन्धित विद्यार्थीका निबन्ध लेखन सम्बन्धी कमजोरी औंल्याई निराकरणका लागि आवश्यक सुझाव प्रस्तुत गर्नु यस शोधका मुख्य उद्देश्यहरू रहेका छन् । यस अध्ययनमा सुर्खेत जिल्लाका निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको तुलनामा सरकारी विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमता कमजोर रहेको कुरा उल्लेख गरिएको छ । त्यस्तै छात्रभन्दा छात्रा र पहिलो नेपाली भाषीभन्दा दोस्रो नेपाली भाषी विद्यार्थीको निबन्ध लेखन क्षमता कमजोर रहेको देखाइएको छ ।

खतिवडा (२०६८) द्वारा **धादिङ जिल्लाका निम्न माध्यमिक तहमा अध्ययनरत कुमाल भाषी विद्यार्थीहरूको स्तरीय नेपालीमा लिखित अभिव्यक्ति क्षमताको अध्ययन** शीर्षकको शोधकार्य गरिएको छ । यस शोधकार्यका मुख्य उद्देश्यहरूमा निम्न माध्यमिक तहमा अध्ययनरत कुमाल भाषी विद्यार्थीहरूको स्तरीय नेपालीमा लिखित अभिव्यक्तिको परीक्षणीय पक्षहरूका आधारमा तथ्याङ्कको विश्लेषण गर्नु, उक्त जिल्लाका निम्न माध्यमिक तहमा अध्ययनरत कुमाल भाषी विद्यार्थीहरूलाई अनुच्छेद वर्णन, निवेदन लेखन, वादविवाद लेखन, चित्र वर्णन र स्वतन्त्र लेखन गर्न लगाई लिखित अभिव्यक्ति क्षमताका कमजोरी पत्ता लगाउनु र प्राप्त निष्कर्षका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गर्नु रहेका छन् । धादिङ जिल्लाका धादिङ बेसी क्षेत्रका कुमाल भाषी विद्यार्थीहरू अध्ययनरत ५ वटा विद्यालयका २०/२० जना विद्यार्थीहरूको छनोट गरी यस अध्ययनलाई पूर्णता दिइएको छ । विद्यार्थीहरूका लेखनमा पाइने किनार छोडाइ र सफाइ, वाक्यगठन, वर्णविन्यास, लेख्य चिह्न प्रयोग, शब्द छनोट तथा प्रयोग जस्ता कुरालाई परीक्षणीय पक्षका रूपमा लिई विद्यार्थीहरूका लिखित अभिव्यक्तिहरूको परीक्षण गरिएको छ ।

चौधरी (२०६८) द्वारा **कैलाली जिल्लाका कक्षा १० मा अध्ययनरत थारू मातृ भाषी विद्यार्थीहरूले गर्ने वर्णविन्यास सम्बन्धी त्रुटिहरूको अध्ययन** शीर्षकको शोधकार्य भएको पाइन्छ । कैलाली जिल्लाका कक्षा १० मा अध्ययनरत डंगौरा थारू विद्यार्थीहरूले गर्ने

नेपाली वर्णविन्याससम्बन्धी त्रुटिहरू हुने कारणहरू पत्ता लगाउनु, त्रुटिको व्याख्या विश्लेषण गर्नु तथा त्रुटि निराकरणका लागि सुझावहरू प्रस्तुत गर्नु प्रस्तुत शोधका उद्देश्यहरू रहेका छन् । यस अध्ययनमा कैलाली जिल्लाका पाँच वटा सरकारी विद्यालयका कक्षा १० मा अध्ययनरत ५० जना डंगौरा थारूभाषी विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका लागि छनोट भएका विद्यार्थीहरूलाई 'मेरो देश' शीर्षकमा निबन्ध लेख्न लगाई वर्णविन्यासमा भएका गल्तीहरूको सङ्कलन, वर्गीकरण तथा व्याख्या गरिएको छ । मातृभाषाको प्रभाव, प्रभावकारी शिक्षण विधिको अभाव, असचेतता आदि कारणले विद्यार्थीहरूले श, ष, स को प्रयोग, चन्द्रविन्दु र शिरविन्दुको प्रयोग, त, ट को प्रयोग र ठ, थ को प्रयोगमा बढी त्रुटि गर्ने गरेको निष्कर्ष शोधपत्रमा प्रस्तुत गरिएको छ ।

ओली (२०६८) द्वारा **रुकुम जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध गरिएको पाइन्छ । यस शोधका मुख्य उद्देश्यहरू रुकुम जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको पहिचान गर्नु, कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूका विद्यालयको प्रकृतिका आधारमा चिठी लेखन क्षमताको अध्ययन गर्नु र विद्यार्थीहरूमा देखिएका चिठी लेखन सम्बन्धी कमजोरीहरू पहिचान गरी निराकरणका उपायहरू पहिल्याउनु रहेका छन् । यस शोधमा अध्ययनका लागि रुकुम जिल्ला भित्रका ४/४ वटा सरकारी र निजी विद्यालयमा अध्ययनरत ८० जना विद्यार्थीलाई नमुनाको रूपमा लिइएको छ । प्रस्तुत शोधपत्रमा रुकुम जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । त्यसै गरी सरकारी र निजी दुबै विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको, छात्रभन्दा छात्राहरूको चिठी लेखन क्षमता कमजोर रहेको निष्कर्ष शोधपत्रमा प्रस्तुत गरिएको छ ।

अधिकारी (२०६५) द्वारा **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकको शोध तयार पारिएको छ । उक्त शोधकार्यमा सरकारी तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनामा अध्ययन प्रस्तुत गरिएको छ । उपत्यकाभित्र र उपत्यका बाहिरका ३/३ वटा विद्यालयहरूबाट १०/१० जना गरी जम्म ६० जना विद्यार्थीको चिठीलेखन क्षमताको अध्ययन उक्त शोधपत्रमा गरिएको छ । उक्त शोधकार्यमा ५० प्रतिशतभन्दा बढी चिठीलेखन क्षमताको कमजोर विद्यार्थीहरूलाई

देखाइएको छ । उक्त शोधकार्य नमुना सर्वेक्षण विधि प्रयोग गरी क्षेत्रीय अध्ययनका आधारमा तथ्याङ्क सङ्कलन गरिएको उक्त शोधपत्रको अध्ययन क्षेत्र काठमाडौं उपत्यका र त्यसको आसपासको क्षेत्र मात्र रहेको छ । उक्त शोधपत्रले सम्पूर्ण लिखित अभिव्यक्ति क्षमताको अध्ययन क्षेत्रमा रहेका त्रुटिहरूको निराकरण गरिएको पाइँदैन ।

खत्री (२०६६) द्वारा **उच्च माध्यमिक तह कक्षा एघारका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र गरेको पाइन्छ । उक्त शोधमा पनि पहिलो भाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता, छात्र र छात्राको अनुच्छेद लेखन क्षमता आदि शीर्षकमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको पाइन्छ । उक्त शोधमा शोधार्थी गोरखा जिल्लाका ४ वटा उ. मा. वि बाट ६/६ जनाका दरले २४ जना विद्यार्थीहरूलाई अध्ययनका लागि छनोट गरिएको छ । यसमा स्थलगत अध्ययन विधि प्रयोग गरिएको छ । यसमा अनुच्छेद लेखन क्षमतामा धेरै त्रुटि रहेको निष्कर्ष निकालिएको छ ।

सिग्देल (२०६७) द्वारा तनहुँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन नामक शीर्षकमा महत्त्वपूर्ण अध्ययन गरिएको छ । उक्त अध्ययनमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको तुलनात्मक स्थिति पत्ता लगाउनु तथा भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु जस्ता उद्देश्यहरू राखिएका छन् । उक्त अध्ययनमा क्षेत्रीय अध्ययन विधि अर्न्तगत रही तिन वटा सामुदायिक र तीनवटा संस्थागत विद्यालयको साठी जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइ अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको छ । उक्त अध्ययनमा समग्रमा कक्षा नौका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको छ ।

## २.२ **पूर्व अध्ययनको महत्त्व**

कुनै पनि अध्ययन अनुसन्धानका लागि पूर्व कार्यको अध्ययन अति महत्त्वपूर्ण मानिन्छ । सम्बन्धित साहित्यको पुनरावलोकनबिना कुनै पनि अनुसन्धानले पूर्णता प्राप्त गर्न सक्दैन । पूर्ण कार्यको अध्ययनले त्यस विषयमा त्यस बेलासम्म भएका यावत कृति अनुसन्धानहरूको जानकारी दिन्छ जसले गर्दा अनुसन्धान कर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउँछ (भट्टराई, २०६८: १२६) पूर्वकार्यको अध्ययनले अनुसन्धाकर्ताको

रुची रहेको क्षेत्रमा के कस्ता समस्याहरूम केन्द्रित भई पहिले नै अध्ययन गरिएको छ र के कस्ता समस्याहरूमा अहिले सम्म अध्ययन गरिएको छैन भन्ने जस्ता कुराको बारेमा जानकारी प्रदान गर्दछ ।

अनुसन्धान कार्यलाई वैज्ञानिक र वस्तुनिष्ठ ढङ्गबाट सम्पन्न गर्नका लागि पूर्व अध्ययनको महत्त्वपूर्ण भूमिका रहन्छ । पूर्व अध्ययनले अनुसन्धान कर्तालाई अध्ययन क्षेत्रको निर्धारण गर्न सक्षम बनाउँछ । सम्बन्धित विषयमा गहिरो ज्ञान आर्जन गर्न, अनुसन्धानलाई वैध र विश्वसनीय बनाउन पनि पूर्व अध्ययनको महत्त्व हुन्छ । वास्तवमा सम्बन्धित क्षेत्रमा गरिएका अध्ययनहरूको पुनरावलोकनबिना अनुसन्धान प्रकियालाई प्रभावकारी एवम् अर्थपूर्ण बनाउन असम्भव नै हुन्छ तसर्थ अनुसन्धान कार्यमा पूर्व अध्ययन महत्त्वपूर्ण हुने गर्दछ ।

## २.३ लिखित अभिव्यक्तिका सैद्धान्तिक अवधारणा

मानव मनका भाव वा विचारलाई अरू समक्ष प्रस्तुत गर्नु अभिव्यक्ति हो । यसरी अभिव्यक्ति दिनको लागि भाषाको नै माध्यम चाहिन्छ । कुनै पनि कुरा लेखेर अभिव्यक्त गर्ने माध्यमलाई लिखित अभिव्यक्ति भनिन्छ (लम्साल र अन्य, २०६६:१४३) ।  सामाजिक प्राणी मानवले मानव समाजमा रहेर विभिन्न प्रकारका आवाज, सङ्केत, आङ्गिक भाव भङ्गिमा, इसारा आदिका माध्यमबाट एक आपसमा विचार साटासाट गर्न सक्ने भएपनि भाषा नै विचार विनियमको सबैभन्दा सशक्त र प्रभावकारी माध्यम हो ।

मानव मनमा विभिन्न विचार, सिर्जना, चिन्तन, दया, माया, हाँसो, रोदन, पिर, व्यथा, दुःख, सुख, खुसी, आवश्यकता, चाहना, सफलता, असफलताका जे जति भावनाहरू उत्पन्न हुन्छन् तिनलाई अरू समक्ष प्रस्ततु गर्न र अरूका त्यस्ता भावनाहरू ग्रहण गर्न भाषाको प्रयोग गरेको  हुन्छ । यसरी मानव मनका अन्तर भावनाहरूलाई अभिव्यक्त र ग्रहण गर्ने मूलतः दुईवटा भाषिक स्वरूप रहेका हुन्छन् : लिखित र मौखिक ।

### मौखिक अभिव्यक्ति

कुनै विषयका बारेमा बोलेर प्रकाश पार्ने काम मौखिक अभिव्यक्ति हो र मानव जीवनमा यसको अत्यधिक प्रयोग हुने गर्दछ । मौखिक वा कथ्य भाषाका माध्यमबाट प्रकट हुने भएका विचारहरूलाई मौखिक अभिव्यक्ति भनिन्छ । मानव मनमा अनेक भावहरू

हुन्छन् । त्यस्ता भाव वा विचारलाई मानिसले विभिन्न प्रकारबाट प्रकट गर्दछ । यसरी प्रकट गर्दा उसले एउटा माध्यम भाषालाई बनाउँछ, अर्थात् भाषाको माध्यमले व्यक्त सङ्केत वा इसारा,शारीरिक हाउभाउ आदिबाट पनि ती भाव वा विचारलाई सीमित रूप नै भएपनि व्यक्त गर्ने प्रयास गर्दछ । यसरी मानव मनका भाव वा विचारलाई बाहिर प्रकट गर्ने प्रक्रियालाई नै अभिव्यक्ति भनिन्छ । यस्तो अभिव्यक्तिको प्रमुख माध्यम नै भाषा हो । यसरी मानिसले बोलेर र लेखेर दुई प्रकारबाट भाषिक अभिव्यक्ति गर्दछ । मौखिक अभिव्यक्ति भन्नु नै बोलाइ हो ।

भाषाको जीवन्त स्वरूप कथ्य भेद नै भएकाले बोलाइ मौखिक अभिव्यक्तिको एउटा पक्ष हो । मानवीय अनुभव एवम् विचारको प्रकटीकरण बोलाइ नै हुन्छ । सर्वसाधारणको भाषा पनि यही हो । साक्षर र निरक्षर सबै प्रकृतिका व्यक्तिहरूले विभिन्न परिवेशमा आफ्ना आवश्यकताहरू बोलाइकै माध्यमबाट आपूर्ति गर्ने भएकाले मौखिक अभिव्यक्तिलाई आवश्यकता र इच्छापूर्ति गर्ने भाषाको सरलतम् उपाय मान्न सकिन्छ ।

मौखिक अभिव्यक्ति ध्वन्यात्मक रूपमा प्रस्तुत हुन्छ, तापनि यसमा आफ्ना कुरालाई प्रष्ट पार्न, स्रोतालाई बुझाउन, प्रसङ्गअनुरूप प्रभावपूर्ण अभिव्यक्ति दिन अभाषिक तत्व पनि संलग्न हुने भएकाले बोलाइ अर्थात् मौखिक अभिव्यक्तिलाई भाव विचार अभिव्यक्त गर्ने सहज र सम्प्रेषणको जीवन्त माध्यम मानिएको हो । मानवीय मनमा अन्तरनिहित विचार एवम् भावनालाई लिपिबद्ध रूपमा सङ्गठित पारेर व्यक्त गर्न नसकिने तर ध्वन्यात्मक माध्यमद्वारा सूक्ष्म भावलाई पनि व्यक्त गर्न सकिने हुँदा मौखिक भाषा आत्मप्रकाशनको सफलतम उपाय हो र सामाजिक सम्पर्कको सहज माध्यम पनि हो ।

**लिखित अभिव्यक्ति**

लिपि चिह्न अर्थात् लिखित भाषाका माध्यमबाट प्रकटित विचार वा भावनाहरू लिखित अभिव्यक्ति मानिन्छन् । लिखित भाषालाई अर्को शब्दमा लेख्य भाषा वा लिपिबद्ध स्वरूप पनि भन्न सकिन्छ । मानव मनका भाव वा विचार बाहिर प्रकट गर्ने कामलाई अभिव्यक्ति भनिन्छ यस्तो अभिव्यक्तिको सबभन्दा प्रभावकारी माध्यम भाषिक अभिव्यक्ति हो । भाषिक अभिव्यक्ति भनेको भाषाका माध्यमबाट आफ्ना मनका भाव वा विचारलाई लेखेर वा बोलेर व्यक्त गर्ने काम हो । कतिपय व्यावहारिक कुरालाई जीवनजगत् सम्बन्धी

स्थायी महत्त्वका एवम् सञ्चित गरेर राख्नुपर्ने बौद्धिक विचारहरूलाई र सिर्जनात्मक सुन्दर भावनाहरूलाई भाषाका लिपि चिह्नका सहायताले पनि व्यक्त गरिन्छ ।

भाषाको प्राचीन एवम् जीवन्त कथ्य रूप भए पनि कतिपय ऐतिहासिक महत्त्वका एवम् चिरकालपर्यन्त महत्त्व राख्ने अभिव्यक्तिलाई सुरक्षित राख्न भाषाको लेख्य रूप महत्त्वपूर्ण हुन जान्छ । मानवीय विचार एवम् भावना अभिव्यक्त गर्ने जटिल माध्यमका रूपमा लिखित अभिव्यक्तिले अपेक्षा राख्दछ । भाषाको कथ्य भेदका तुलनामा यसको परिवेश सीमित हुन्छ । परिवेश सीमित हुनेभएपनि आफूले जानेका र देखेका कुराहरू राम्ररी मिलाएर लेखी सार्वजनिक रूपमा आफ्नो व्यक्तित्व विकास गर्न लिखित अभिव्यक्ति एकदमै महत्त्वपूर्ण हुन जान्छ । विद्यार्थीले पढेका कुराहरू राम्ररी मिलाएर लेख्न, सरकारी सेवामा प्रवेश गर्न, प्रतियोगितात्मक परीक्षामा सोधिएका प्रश्नहरूका बारेमा आफूले जानेका, पढेका कुराहरू स्पष्ट छरितो र कसिलो ढङ्गले व्यक्त गर्न लिखित अभिव्यक्तिको नै आवश्यकता पर्दछ ।

मनका भाव वा विचारलाई बाहिर प्रकट गर्ने काम अभिव्यक्ति हो र यस्तो अभिव्यक्तिको सबभन्दा प्रभावकारी माध्यम भाषिक अभिव्यक्ति हो । भाषिक अभिव्यक्ति भनेको भाषाका माध्यमबाट आफ्ना मनका भाव वा विचारलाई बोलेर वा लेखेर अभिव्यक्त गर्ने काम हो । लेखाइमा वक्ताको अभिव्यक्ति देश र कालको सीमित घेराभित्र मात्र रहँदैन र आफूले गरेका अनुभव एवम् ज्ञानसँग समय र स्थानको सीमाबद्धतामा नहेरी अरूलाई भागेदार बनाउने माध्यम लेखाइ भएकाले विशेषताः शिक्षित वर्गमा बोलाइका साथै यसको महत्त्व अझै बढ्दै गइरहेको (अधिकारी, २०६३:११०) ।

मानवीय मनका विचार एवम् अन्तर्भाव बाहिर प्रस्फुटित गर्ने काम अभिव्यक्ति हो । भाषिक अभिव्यक्तिका माध्यमबाट मानव मनका भावना र विचारलाई लिखित वा मौखिक रूपमा प्रकट गर्दछ । कुनै पनि विचार र भावना प्रकट गर्न चेतना र सिर्जनाको महत्त्वपूर्ण भूमिका रहन्छ । अतः मानव चेतनशील एवम् सिर्जनशील भएकै कारण जीवनका अनेकौं घुम्ती तथा मोडहरूमा अर्थात् जीवन भोगाइका राम्रा नराम्रा पक्षहरूको अवलोकन र अनुभूतिको पृष्ठभूमिमा मानवले प्रशस्त ज्ञानराशी प्राप्त गर्दछ ।

### २.३.१ **लिखित अभिव्यक्ति शिक्षणको आवश्यकता र महत्त्व**

अन्य सिपहरू जस्तै लेखाइ सिप पनि महत्त्वपूर्ण तथा आधारभूत भाषिक सिप हो । लिखित अभिव्यक्तिमा आफूले सुनेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गरिन्छ । जुनसुकै कक्षा, तह वा स्तरका विद्यार्थीहरूलाई लिखित अभिव्यक्ति शिक्षणको महत्त्व रहेको हुन्छ तापनि कक्षागत र तहगत उद्देश्य अनुसार लिखित अभिव्यक्ति शिक्षणको आवश्यकता र महत्त्व फरक फरक हुन सक्छ । त्यसै गरी सिकारुहरूका लागि शैक्षिक, प्राज्ञिक तथा अन्य व्यावहारिक दृष्टिले उपयुक्त हुने खालका सिपहरूको विकास गर्न, उपयुक्त लेख्य चिह्न र लिपि चिह्नहरूको प्रयोग गरी स्तरीय लेखन गराउन लिखित अभिव्यक्ति शिक्षणले सहयोग गर्दछ । अभिव्यक्तिको महत्त्वपूर्ण तथा अत्यावश्यक सिपका रूपमा लेखाइलाई लिइन्छ । आफ्ना ज्ञान, अनुभव, भोगाइ, जीवन दृष्टि, कल्पना, सम्झनालाई कलात्मक र वान्कीयुक्त भाषामा अभिव्यक्त गर्ने सुझ लिखित अभिव्यक्ति शिक्षणका माध्यमबाट नै प्राप्त हुन्छ ।

विद्यार्थीहरूमा भाषिक तथा संज्ञानात्मक क्षमताको विकास गराउन र लेखाइमा प्रभावकारीता, स्तरीयता ल्याउन लेखाइ सिप शिक्षणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । आफूले देखे सुनेका घटनाको वर्णन, व्याख्या तथा विश्लेषणका लागि लेखन कला महत्त्वपूर्ण माध्यम बन्न सक्छ । पढेका कुराको सारांश उतार्ने, लेखेर वर्णन एवम् छलफल गर्ने, प्रतिवेदन तयार गर्ने र समीक्षा गर्ने कार्यमा पनि लिखित अभिव्यक्ति शिक्षण उपयोगी हुन्छ । विभिन्न विधा, विषय, परिवेश र प्रसङ्ग अनुसार भाषिक शैलीको चयन गर्ने क्षमताको विकास गराउनुका साथै वर्ण-विन्यास, शब्दचयन तथा प्रस्तुतिकरण, शृङ्खलाबद्धतामा ध्यान पुऱ्याउन, अनुच्छेद विभाजन जस्ता सिपको जानकारी प्राप्त गर्न तथा त्यसमा दक्षता हासिल गर्न पनि लेखन कला शिक्षण सहयोगी हुन्छ । भाषिक शुद्धता र स्पष्टताको ज्ञान लिखित अभिव्यक्ति शिक्षणका माध्यबाटै प्राप्त हुन्छ । यसमा समय र स्थानको सीमा हुँदैन, व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न, ती कुराहरूलाई सम्झनामा राखिराख्न र भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखन कलाको मद्दत गर्छ (शर्मा र पौडेल, २०६७:१६९) ।

कक्षा कोठामा मात्र नभई भाषा सिकाइका हरेक सन्दर्भमा लिखित अभिव्यक्ति शिक्षणलाई प्राथमिकता दिई अगाडि बढाउनु पर्ने हुन्छ । विद्यार्थीहरूमा सिर्जनात्मक

क्षमताको विकास गराउन, लेखाइ सिपका सहायताले अन्य सिपको पनि यथोचित विकास गर्ने लिखित अभिव्यक्ति शिक्षणको अहम् भूमिका रहेको हुन्छ । अझ लिखित अभिव्यक्तिका माध्यमबाट नै जीविकोपार्जन गर्ने र गर्न चाहनेहरूका लागि त लिखित अभिव्यक्ति शिक्षण एउटा अत्यावश्यकीय सर्तका रूपमा रहेको हुन्छ । लिखित भाषा नै नयाँ पुराना ज्ञान, सूचना, संस्कृति, इतिहासको विपुल भण्डार भएकोले सबैका निम्ति लिखित अभिव्यक्ति सिप शिक्षण तथा सिकाइ उत्तिकै आवश्यक रहेको देखिन्छ ।

### २.३.२ **लिखित अभिव्यक्तिका परीक्षणीय साधन**

भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु शिक्षण गरिसकेपछि उनीहरूले भाषिक सिप तथा भाषा तत्वहरूमा के कति उपलब्धि प्राप्त गरे भनेर गरिने लेखाजोखा नै भाषिक मूल्याङ्कन हो (पोखरेल, २०६९:२०३) । अभिव्यक्तिका विभिन्न सिपहरूलाई बुँदागत रूपमा अङ्कन गरी अभिलेख राख्न जाँच सूची, श्रेणी मापन जस्ता साधनको प्रयोग गरिन्छ । अभिव्यक्ति भनेको भाषिक संयोजनको समग्र रूप हो । यसका लागि समग्र भाषा तत्वको परीक्षण हुनुपर्दछ । त्यसैले यहाँ लिखित अभिव्यक्ति क्षमताको परीक्षणका लागि निम्न लिखित परीक्षणीय साधनहरू लिइनेछ ।

#### **अनुच्छेद लेखन**

अनुच्छेद लेखन लेखनकलाको एक सशक्त माध्यम हो । यसको माध्यमबाट विद्यार्थीमा मौलिक र स्वतन्त्र चिन्तनका स्तरीय लेखाइ सिप विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । अनुच्छेद लेखन अभ्यासका माध्यमबाट स्तरीय तरिकाले विविध किसिमका विषय शिर्षकका सन्दर्भमा स्वतन्त्र रूपले चिन्तन मनन गर्ने क्षमताको विकास गर्नुका साथै विद्यार्थीहरूमा मौलिक तथा सिर्जनात्मक क्षमताको विकासमा सहयोग गर्दछ । अनुच्छेद लेखनको निरन्तर अभ्यासबाट लेखनकलामा स्तरीयता ल्याउन सकिन्छ । अनुच्छेद लेखनमा विभिन्न विषयवस्तुलाई शीर्षक बनाएर अनुच्छेद लेख्न सकिन्छ । घटनावर्णन, चित्रवर्णन, चिठी, दैनिकी, निबन्ध, वादविवाद, कुनै चाडपर्व तथा भाव विस्तार, व्याख्या, सारांश, आदि स्वतन्त्र र निर्देशित जस्ता लेखन सिप विकासमा अनुच्छेद लेखनले सकरात्मक भूमिका निर्वाह गर्दछ । त्यति मात्र नभएर लेखाइमा शुद्धता वर्णविन्यास त्रुटि हटाउन, विराम चिह्नको सही तरिकाले प्रयोग गर्न पनि अनुच्छेद लेखनले सहयोग गर्दछ ।

यसरी अनुच्छेद लेखनको माध्यमबाट सृजनात्मक सिपको पनि विकास हुन्छ । यसबाट विद्यार्थीहरूमा आफूले भन्न खोजेको कुरा सिलसिला र क्रमबद्ध रूपमा आदि मध्य र अन्त्य भागमा सङ्गठन गरी प्रस्तुत गर्न सहयोग गर्दछ । साहित्यका विभिन्न विद्याहरू वा अन्य शीर्षकमा निहित भएको छोटो, छरितो र सङ्क्षिप्त विस्तार गरी आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने अनुच्छेद लेखनले लेखन सिप विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

कुनै विषय वा शीर्षकमा केन्द्रित भई आफ्नो विचारलाई सरल र सहज संक्षिप्त रूपको पूर्ण अभिव्यक्ति दिने माध्यम अनुच्छेद लेखन हो । अनुच्छेद लेखनले लेखाइमा शुद्धता, वर्णविन्यास त्रुटि हटाउन, विराम चिह्नको सही तरिकाले प्रयोग गर्न पनि सहयोग गर्दछ ।

उपर्युक्त साधनबाट परीक्षण गर्न सकिने भाषिक पक्षहरू निम्न रहनेछन् :

**निवेदन लेखन**

निवेदन पत्र रचनाको एउटा महत्त्वपूर्ण अङ्ग हो । जसलाई स्वतन्त्र रचना भित्र समेटिएको पाईन्छ । निवेदन लेखनले विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गराउँदै नेपाली भाषाको मानक रूपसँग परिचित गराउँछ । निवेदनको मुख्य उद्देश्य भनेको स्वतन्त्र र निर्देशित रूपमा सिप हासिल गर्नु हो । निवेदन लेखनको लागि विशेष ढंग र ढाँचाको आवश्यकता रहन्छ । निवेदन लेखनले मौलिक क्षमता तथा सिर्जनात्मक क्षमताको विकासमा सहयोग गर्दछ । विद्यार्थीहरूमा लेख्ने सिप विकास गराउन चित्रवर्णन, अनुलेखन, श्रुतिलेखन, सांराशलेखन, भाव व्याख्या, कथा लेखन, अनुच्छेद लेखन, प्रतिवेदन लेखन, निवेदन लेखन, निबन्ध लेखन कलासँग सम्बन्धित कार्यकलापहरू गराईन्छ (निरौला २०६५:२०१) । निवेदन लेखनले भाषिक सिप विकास गर्नका साथै स्थान र प्रसङ्ग अनुसार भाषिक शब्दावलीको प्रयोग गर्न सक्षम तुल्याउने गर्दछ । निवेदन लेखन शिक्षणबाट विद्यार्थीहरू शुद्ध र स्पष्टसँग लेख्य अभिव्यक्ति गर्न सक्ने हुन्छन् । यसले विद्यार्थीहरूलाई कुनै संस्था वा कार्यालय सक्षम आफ्नो आवश्यकता अनुसारका विचार संप्रेषण गर्न सक्षम तुल्याउँछ । निवेदन लेखनले व्यावहारिक जीवनको आवश्यकता पहिचान गरी समाधान गर्न सक्षम तुल्याउँछ । निवेदन लेखन सरकारी तथा गैर सरकारी संघ संस्थाहरूलाई आवश्यक अनुरोध तथा निर्देशन जाहेर गरी लेखिने औपचारिक पत्र हो । निवेदन परीक्षण गर्दा निवेदन मानव भाषाको प्रयोग, स्पष्ट

रूपमा विषय शीर्षक, तिथि मिति, सम्बोधन, मुख्य भाग तथा समापनका रूपमा अकं दिई मूल्याङ्कन गरिनेछ ।

**चिठी लेखन**

लिखित माध्यम मध्ये विचार र कुरानीको महत्त्वपूर्ण साधन चिठी पनि एक हो । चिठी शिक्षणमा घरायसी (व्यावहारिक) र कार्यालय क्षेत्रमा विभाजन गरी अभ्याससात्मक ढगंले क्रियाकलापद्वारा शिक्षण गरिन्छ । (माध्यमिक शिक्षा अनिवार्य प्रणाली पाठ्यक्रम, २०५२) एउटा व्यक्तिले अर्को व्यक्तिलाई प्रत्यक्ष रूपमा भावना तथा सन्देश प्रवाह गर्ने सहज माध्यम चिठी हो । चिठीले कार्यको आधारमा व्यक्तिगत/घरायसी, व्यापारिक/व्यावसायिक चिठी, कार्यालय चिठी गरी छुट्याइएको पाईन्छ । चिठी लेखन कार्यले शुद्धता स्पष्टता र सिलसिलाबद्ध रूपमा अगाडि बढाउन सकारात्मक भूमिका खेलेको हुन्छ । चिठी लेखनले मौलिक चिन्तन तथा भाषाको शुद्ध प्रस्तुतिमा टेवा पुर्याउँदछ । भाषा मौखिबाट क्रमशः लिखिततिर विकास गर्न पनि चिठी लेखनले सहयोग गर्दछ । चिठी लेखन कार्यले व्यक्तिका मनामा उब्जेका भावनालाई अरू समक्ष पेश गर्न पनि सहयोग गर्दछ । चिठी लेखन कार्यले आफूले मान्यजनप्रति गर्नुपर्ने आदरार्थी शब्दहरूको चयन कार्यलाई पनि मद्दत पुऱ्याउँदछ । यसले सम्बोधन, मिति, विषयवस्तु, सिलसिलाबद्ध, क्रमबद्ध शुद्ध स्पष्ट तथा समापन जस्ता कुराहरू कुन ठाउँमा कसरी लेख्ने भन्ने सिकाउन मद्दत गर्दछ । चिठी लेखन क्षमता परीक्षण गर्दा यसभित्र विषयवस्तु, ढाँचा मिति ठेगाना, सम्बोधन, अभिवादन, समापन, प्रस्तुति शिल्प मौलिकता जस्ता कुरामा ध्यान दिई मूल्याङ्कन गरिन्छ ।

**निबन्ध लेखन**

निबन्ध लेखन कार्यकलाप लेखनकलाको क्षमता विकास गराउने उत्कृष्ट क्रियाकलाप हो । निबन्ध लेखनमा वर्णविन्यास, शब्दभण्डार, चिह्न प्रयोग, वाक्यगठन र व्याकरणगत विषयवस्तुको आदि, मध्य र अन्त्य जस्ता लेखाइ सम्बन्ध सम्पूर्ण नियमहरू समावेश गरिएको पाइन्छ । निबन्धको लेखन दुई प्रकारको देखिन्छ । लक्षित वा बौद्धिक गद्य भाषाका माध्यमले जीवन जगत्का विविध पक्षमध्ये कुनै पक्षका बारेमा आफ्ना संस्थागत अनुभूति वा तथ्य सत्यलाई प्रस्तुत गर्ने लघु कलेवर भएको साहित्यिक विधा निबन्ध हो र जसमा निबन्धकारले आफ्ना संस्थागत अनुभूति वा तथ्यसत्यलाई स्वीकार गर्न पाठक समक्ष आग्रह

गरेको हुन्छ । (भण्डारी र अन्य २०७१:४५३) निबन्ध लेखनले साधना र अभ्यासले कलामा चमक ल्याउने काम गर्दछ । निबन्ध लेखनले मानवमनमा रहेका भावना, विचार पोख्न सहयोग गर्ने गर्दछ । मानवमनबाट निबन्ध निस्कने हुनाले आफ्नो मनका विभिन्न कुराहरू व्यक्त अव्यक्त रूपमा राखेका मानवीय विचारलाई लेख्न प्रोत्साहन गर्नुका साथै शुद्धलेखन र शब्दचयन तथा लेखन कलाको विकास गर्दछ । निबन्धलेखन विभिन्न प्रकारका रहेका छन् । त्यसकारण यस कायले लेखन कार्यमा उत्कृष्ट स्थान दिने कार्य गर्दछ । निबन्ध शिक्षण तथा लेखनले लेखन कलाको समुचित विकास गर्न, शब्दभण्डारको अभिवृद्धि गर्नु, बोध र विश्लेषणात्मक रूपले हेर्ने र आत्मसात् गर्ने क्षमताको विकास गर्दछ । निबन्ध लेखन सिप परीक्षण गर्न वर्णविन्यास, शब्दभण्डार, चिह्न प्रयोग, वाक्यगठन र व्याकरणगत विषयवस्तुको आदि, मध्ये र अन्त्य आदि पक्षमा मूल्याङ्कन गरिनेछ ।

**वादविवाद लेखन**

कुनै खास विषय शीर्षकमा केन्द्रित भई त्यस शीर्षकको तत्व निरूपणका निम्ति आफ्ना तर्कहरूको समर्थन र विपक्षीका तर्कहरूको खण्डनका साथ गरिने छलफल, तर्क वितर्क, विचार विमर्श आदि वाक् प्रतियोगितालाई वादविवाद भनिन्छ । (पोखरेल र अन्य, २०५२:१२०७) । अर्को शब्दमा कुनै विषयका बारेमा पक्ष विपक्षका बिच हुने तार्किक झगडा नै वादविवाद हो ।

वादविवाद बोलाइ सिप अथवा वक्तृत्वकला विकासको एक महत्त्वपूर्ण सहकार्यकलाप हो । यसमा कुनै विषयमा पक्ष र विपक्ष भएर आ-आफ्ना तर्कहरू प्रस्तुत गर्ने काम हुन्छ । कुनै निश्चित विषय दिई त्यस विषयको खण्डन मण्डनमा शिष्ट एवम् प्रभावकारी तर्कहरू पेश गरेर घत लाग्दो तरिकाले स्रोतहरूको मन र मष्तिष्क समेत आप्लावित गर्दै उनीहरूको प्रसंशा आर्जनमा तथा त्यस मार्फत कुशल वक्ता बनेर व्यक्तित्व विकास गर्नमा यस्तो कार्यकलापले विद्यार्थीहरूलाई धेरै सहयोग गरेको हुन्छ । यस कार्यले विद्यार्थीका बौद्धिक, मानसिक, सांवेगिक एवम् तार्किक क्षमताको विकास गर्दछ । वादविवाद लेखनमा पक्ष वा विपक्षमा आफ्ना मतहरू लेखन कार्यको परीक्षणमा अभिव्यक्ति शैली वा प्रस्तुति, शृङ्खलाबद्धता, शब्दछनोट, शुद्धता तथा स्पष्टता, मानव भाषाको प्रयोग सम्बोधन तार्किक पक्षलाई ख्याल गरि अङ्कन गरिनेछ ।

### २.३.३ **लिखित अभिव्यक्तिका परिक्षणीय पक्षहरू**

भाषा शिक्षणका क्रममा सिकारुको भाषा सिकाइ कुन गतिमा अगि बढि रहेको छ, उसका कमी कमजोरी र त्रुटिका क्षेत्रहरू कुन कुन हुन्, के कस्ता प्रभावकारी उपायहरू अवलम्बन गर्दा भाषिक सिपका कमी कमजोरी र त्रुटिहरूको न्यूनीकरण गर्न सकिन्छ जस्ता विषयमा जानकारी हासिल गर्न भाषिक मूल्याङ्कन गर्नु अनिवार्य हुन्छ । भाषिक मूल्याङ्कन गर्दा लेखाइ सिप अथवा लिखित अभिव्यक्ति क्षमताको मूल्याङ्कन पनि गर्नुपर्ने हुन्छ । लिखित अभिव्यक्ति क्षमताको अध्ययन यसका खास खास पक्षको परिक्षणद्वारा गरिन्छ अथवा लिखित अभिव्यक्ति क्षमताको परीक्षणका लागि केही खास पक्षहरू निर्धारित हुन्छन् । लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्दा लिखित अभिव्यक्तिका विभिन्न सिप वा क्षमतामध्ये कुन कुन सिप वा क्षमताको परीक्षण गर्न खोजिएको हो सोही अनुरूपका परीक्षणीय पक्षहरूको छनोट गर्नुपर्ने हुन्छ । परीक्षणीय सिप अनुरूपका परीक्षणीय पक्षहरूको छनोट गर्न सकिएन भने परीक्षण गर्न खोजिएको सिप वास्तविक परीक्षण हुन सक्दैन फलस्वरूप परीक्षण अविश्वसनीय र उपलब्धिहीन बन्न जान्छ । त्यसकारण परीक्षणलाई विश्वसनीय र उपब्धिपूर्ण बनाउन परीक्षणीय सिप र परीक्षणीय पक्षबिच सङ्गति हुनु आवश्यक मानिन्छ ।

लिखित अभिव्यक्तिका परीक्षणीय सिप अन्तर्गत अनुलेखन, हस्त लेखन, श्रुति लेखन, अनुभव, घटना वा यात्रा वर्णन, वस्तु तथा चित्र वर्णन, प्रश्नोत्तर लेखन, चिठी तथा निवेदन लेखन, दैनिकी लेखन जस्ता पक्षहरू प्रारम्भिक कक्षाहरूमा बढी उपयोगी हुन्छन् । त्यसै गरी माथिल्ला कक्षाहरूमा बुँदा टिपोट, भाव विस्तार, भावव्याख्या, स्पष्टीकरण, सारांश, सङ्क्षेपीकरण, अनुच्छेद लेखन, निबन्ध लेखन, प्रतिवेदन लॆखन, कथा लेखन, संवाद लेखन, कविता लेखन आदि बढी उपयोगी मानिन्छन् । यिनलाई कक्षाको स्तर अनुसार प्रयोग र स्तरीकरण गर्दै लैजान सकिन्छ । लिखित अभिव्यक्तिका लागि परीक्षणीय पक्षहरूसँग विद्यार्थीहरूका रूचि, ज्ञान, अनुभव, तह, स्तर आदिले मेल खाएको हुनु पर्दछ । त्यसो हुन सकेको खण्डमा मात्र परीक्षणले ठोस गन्तव्य प्राप्त गर्दछ र उपलिब्धमूलक बन्दछ । परिक्षणीय पक्षहरूका साथै भौतिक, प्राविधिक र प्राज्ञिक तत्वहरूको समग्र परिक्षणबाट मात्रै विद्यार्थीहरूका लिखित अभिव्यक्ति क्षमताको वास्तविक जानकारी प्राप्त गर्न सकिन्छ ।

विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको परीक्षण गर्दा उनीहरूलाई विभिन्न विषय क्षेत्रसँग सम्बन्धित विभिन्न शीर्षक वा प्रसङ्गमा स्वतन्त्रतापूर्वक लेख्न लगाइन्छ ।

अभिव्यक्तिका विभिन्न सिपहरूलाईँ बुँदागत रूपमा अङ्कन गरी अभिलेख राख्न जाँचसूची, श्रेणी मापन जस्ता साधनको प्रयोग गरिन्छ ।

भाषिक परीक्षणमा सोधिने प्रश्नहरूमा विषयवस्तु र ज्ञानमाभन्दा सिप र अभिव्यक्तिमा जोड दिइनु पर्छ । यसका साथै व्याकरणात्मक धारा, शब्द भण्डार र वर्णविन्याससँग सम्बन्धित पक्षमा पनि ध्यान दिनु पर्दछ । भाषासँगै भाषिक सिपहरू आबद्ध हुन्छन् । त्यसका लागि भाषातत्वको यथोचित व्यवस्थापन हुनु आवश्यक हुन्छ । सामान्यत : लिखित अभव्यिक्तिको परीक्षणका लागि परीक्षणीय पक्षका रूपमा किनारा छोडाइ र सफाइ, वाक्यगठन, वर्णविन्यास, लेख्य चिह्न प्रयोग, शब्द छनोट तथा प्रयोग, अभिव्यक्ति शैली, शृङ्खलाबद्धता र मानक भाषाको प्रयोगलाई लिन सकिन्छ । अत : त्यहाँ यिनै पक्षहरूका बारेमा छोटकरीमा चर्चा गरिएको छ :

**वाक्यगठन**

हरेक भाषाका आ-आफ्नै विशेषता र व्यवस्थाहरू हुन्छन् । आफ्नै किसिमको वर्ण व्यवस्था, उच्चारण व्यवस्था, शब्द भण्डार व्यवस्था, व्याकरण व्यवस्था र उपव्यवस्थाको समुच्चयबाट नै कुनै पनि भाषाको स्वरूप तयार भएको हुन्छ । ध्वनिदेखि सङ्कथनसम्मका विभिन्न सानाठुला एकाइहरू मिलेर भाषा बनेको हुन्छ । यस्ता विभिन्न एकाइमध्ये अभिव्यक्तिलाई पूर्णता दिने काम वाक्यले नै गरेको हुन्छ । सम्बन्धित भाषिक व्यवस्था, संरचना र नियम अनुकूलका वाक्य ढाँचा निर्माण र प्रयोग गर्न नसकेको खण्डमा भाषिक सम्प्रेषणमा बाधा पुग्ने मात्र नभई कहिले काहीँ भाषिक प्रयोग निरर्थक र नकारात्मक समेत हुने गर्दछ । कुनै पनि भाषामा वाक्यगठनका आ-आफ्नै तत्वहरू निर्धारण गरिएका हुन्छन् । लिङ्ग, वचन, पुरूष, आदर, काल, पक्ष, भाव, वाच्य आदि व्याकरणित कोटि वा तत्वले नै वाक्यमा व्याकरणिक अर्थ प्रदान गरेका हुन्छन् । त्यसै गरी उद्देश्य र विधेयका साथै तिनमा आउने कर्ता, कर्म, पूरक, क्रियापद, विशेषण विशेष्य, भेदक भेद्य आदि पद तथा पदावलीहरूको वाक्यमा आउने क्रम भाषा अनुसार आ-आफ्नै ढङ्गबाट निर्धारण गरिएको हुन्छ । उपर्युक्त सबै कुराका आधारमा उचित, शुद्ध र व्याकरण सम्मत वाक्यीय संरचना निर्माण र प्रयोग गर्नु भाषिक सन्दर्भमा अनिवार्य हुन्छ र त्यो अनिवार्यता लिखित अभिव्यक्तिका सन्दर्भमा पनि लागु हुन्छ । त्यसै गरी सन्दर्भ, प्रसङ्ग र विषय वस्तु अनुसार उपयुक्त वाक्यको प्रयोग गरेमा वाक्य मात्र होइन सिङ्गो अभिव्यक्ति पनि प्रभावकारी बन्छ ।

विषय वस्तुको सिलसिला मिलाई ज्यादै जटिल वा क्लिष्ट नभई सटिक र छोटा छोटा वाक्यको निर्माण गरेमा अभिव्यक्तिमा निखारता आउँछ । यसर्थ विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको परीक्षण गर्ने क्रममा वाक्यगठन क्षमताको अध्ययन पनि गरिनेछ ।

**वर्ण-विन्यास**

लेखाइका क्रममा वर्ण तथा मात्राहरूको रखाइ क्रमलाई वर्ण-विन्यास भनिन्छ । यसलाई अर्को शब्दमा लिपिविन्यास पनि भन्न सकिन्छ (पूर्ववत् : १८८) । लेखाइमा एक रूपता कायम गर्न, आशय स्पष्ट पार्न र लेखाइको भद्दापन कम गर्न हरेक भाषामा वर्ण-विन्यास सम्बन्धी आ-आफ्ना नियमहरू अघि सारिएका हुन्छन् । मौखिक भाषामा वर्ण-विन्यासको त्यति महत्त्व नभए पनि लेख्य भाषामा भने यसको निकै नै महत्त्व रहेको हुन्छ । वर्ण-विन्यासलाई अर्का शब्दमा हिज्जे वा वर्तनी पनि भन्ने गरिएको पाइन्छ । नेपाली भाषाका सन्दर्भमा पञ्चम वर्णको प्रयोग, व, ब र ओ को प्रयोग, रि र ऋ को प्रयोग, ज्ञ र ग्यँ को प्रयोग, छे, छ्य र क्ष को प्रयोग, श, ष र स को प्रयोग चन्द्रविन्दु र शिरविन्दुको प्रयोग सम्बन्धी, हलन्त र अजन्त, ह्रस्व र दीर्घ, पदयोग र पद वियोग आदि सम्बन्धी नियमहरू वर्ण-विन्यास अन्तर्गत पर्दछन् । लिखित अभिव्यक्तिमा आफ्नो भाषिक व्यवस्था अनुकूल मानक वर्ण-विन्यासको पालना गरी शब्द निर्माण तथा वाक्यगठन गर्नुपर्ने हुन्छ । यसका साथै अभिव्यक्तिको सुरूदेखि अन्तसम्म वर्ण-विन्यासगत एक रूपता हुनु जरूरी हुन्छ । यसर्थ लिखित अभिव्यक्ति क्षमता पहिचानको एउटा पाटो वर्ण-विन्यास सम्बन्धी क्षमता पनि हुनेछ ।

**लेख्य चिह्न प्रयोग**

लेखनमा स्तरीयता ल्याउन, चाहेको आर्थ व्यक्त गर्न तथा संरचनागत जटिलताबाट मुक्त हुन विभिन्न लेख्य चिह्नहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । लेखनका क्रममा भाषिक सन्दर्भ अनुकूल लेख्य चिह्नको प्रयोग गर्नु पर्दछ । लेख्य चिह्नको प्रयोगले भाषाको बोध गम्यतामा फरकपन ल्याइ दिन्छ । पूर्ण विराम, अल्प विराम, अर्ध विराम, विस्मयादि बोधक, उद्गार, प्रश्नवाचक, योजक यस्ता चिह्नहरूले भाषा प्रयोग प्रसङ्गलाई उजागर गरि दिन्छन् । त्यस कारण चिह्नको प्रयोगले अभिव्यक्ति क्षमतामा प्रभावकारी भूमिका

निर्वाह गरेको हुन्छ । अभिव्यक्तिका क्रममा चिह्न प्रयोगले अर्थमा विविधता ल्याउने भएकाले यसप्रति ध्यान दिइनेछ ।

**शब्द छनोट तथा प्रयोग**

शब्द छनोट तथा प्रयोगलाई लिखित अभिव्यक्तिमा महत्त्वपूर्ण मानिन्छ । विषय वा विद्याको प्रकृति अनुसार उपयुक्त शब्द चयन गर्ने क्षमताको विकास भाषा सिकारुमा हुनु आवश्यक हुन्छ । सन्दर्भ र प्रसङ्ग अनुरूप उचित शब्दको छनोट, निर्माण र प्रयोग गर्न नसक्दा त्यसले समग्र अभिव्यक्तिलाई नै प्रभावित तुल्याउँछ । लेखनका विभिन्न शैली, शिल्प, ढङ्ग र ढाँचा हुन्छन् सोही अनुसारका सान्दर्भिक शब्दको प्रयोगले मात्र अभिव्यक्ति आकर्षक बन्न सक्छ । विद्यार्थीको भाषिक क्षमता उसले आफ्ना अभिव्यक्तिमा प्रयोग गरेका शब्दको उपयुक्तता र स्तरीयताबाटै प्रदर्शित भइरहेको हुन्छ । भाषाको विशाल शब्दभण्डारमा उपलब्ध विभिन्न प्रकृतिका पर्यायवाची शब्द, विपरीतार्थी शब्द, अनेकार्थी शब्द, श्रुतिसम भिन्नार्थक शब्द, अनुकरणात्मक शब्द, उखान टुक्का आदिको उपयुक्त सन्दर्भमा उपयुक्त प्रयोग गर्ने क्षमता यदि विद्यार्थीमा भएन भने उसको भाषा सिकाए सफल भएको मान्न सकिँदैन । तसर्थ सिकारुका लिखित अभिव्यक्तिको परीक्षण गर्दा उनीहरूले छनोट र प्रयोग गरेका शब्दहरूको स्तरीयता र उपयुक्तताको पनि अध्ययन गरिनेछ ।

**अभिव्यक्ति शैली/प्रस्तुति**

कुनै पनि काम गराइको तरिका, ढङ्ग वा ढाँचा नै शैली हो । मानव मनमा असङ्ख्य विचार र भावनाहरू त हुन्छन् तर तिनलाई प्रभावकारी ढङ्गबाट अरू समक्ष पस्कन सकिएन भने भाषिक सम्प्रेषणमा बाधा पुग्नुका साथै अप्रभावकारी पनि हुन जान्छ । लिखित स्वरूपका माध्यमबाट आफ्ना विचार प्रकट गर्दा अपनाइने शैली वा तरिकालाई नै लिखित अभिव्यक्तिको शैली मानिन्छ । लेखाइ वा लेखन कला राम्रो र प्रभावोत्पादक हुन विषय वस्तुको ज्ञान मात्र भएर पुग्दैन, उक्त विषय वस्तुको प्रकटीकरण गर्न उपयुक्त शब्द, वाक्यको निर्माण, भाव, प्रस्तुति, व्याकरणिक उपयुक्तता, पर्याप्तता र सान्दर्भिकता जस्ता पक्ष र शुद्धता, स्पष्टता, सिलसिलाबद्धता जस्ता प्राविधिक पक्षहरूको उचित संयोजन पनि भएको हुनुपर्दछ । त्यसै गरी विभिन्न विषय र विधाका आ-आफ्नै स्वरूप र प्रस्तुतिका आ-आफ्नै शैली हुने हुनाले सो कुरामा पनि लेखनका क्रममा ध्यान दिनु पर्ने हुन्छ । यस कारण

अभिव्यक्तिको शैली वा प्रस्तुतिको तरिकालाई पनि लिखित अभिव्यक्ति क्षमता परीक्षणको मुख्य पक्षका रूपमा अङ्गीकार गरिनेछ ।

**शृङ्खलाबद्धता**

शृङ्खला नमिलेको अथवा क्रम भङ्ग भएको भाषिक अभिव्यक्तिलाई प्रभावकारी र स्तरीय मान्न सकिँदैन । त्यस्तो भाषिक प्रयोग सम्प्रेषणका दृष्टिले त्यति उपयक्त हुँदैन । विचारहरू एकपछि अर्को गर्दै क्रमश : शृङ्खलित रूपमा आएका हुनु पर्दछ अर्थात् आदि, मध्य र अन्त्यको सुसङ्गठित र व्यवस्थित ढाँचामा वाक्यहरू उनिनु पर्दछ । यसो भएको खण्डमा अभिव्यक्ति सुन्दर, आकर्षक र स्तरीय हुन्छ । अनावश्यक पुनः आवृत्ति नभएको र सुशृङ्खला मिलेको अभिव्यक्तिमा मात्रै लेखनको स्वाभाविकता झल्कन्छ । विषय वस्तुको परिचय र उठान, त्यसको व्याख्या, विश्लेषण, उदाहरणीकरण, स्पष्टीकरण र निष्कर्षका सम्पूर्ण कुराहरू क्रमबद्ध ढङ्गमा अगि बढेको लेखनले मात्रै पाठकको विषय वस्तुप्रतिको अभिरूचिलाई पुरा गर्दछ एकातिर भने अर्कातिर त्यसबाट लेखकको लेखकीय क्षमता स्तरको पहिचान हुन्छ । वस्तुत : अभिव्यक्तिमा शृङ्खलाबद्धता हुनु मौखिक र लिखित दुबै प्रकारका अभिव्यक्तिको उत्कृष्टताको परिचायकको रूपमा लिइनेछ ।

**मानक भाषाको प्रयोग**

भाषा शिक्षण भनेको कुनै पनि भाषाको स्तरीय वा मानवक स्वरूप वा भेदकको शिक्षण हो । यसर्थ लिखित अभिव्यक्तिमा भाषिका, कथ्य वा अस्तरीय भेदको प्रयोग नगरी स्तरीय वा मानक भाषाको प्रयोग गर्नु पर्दछ । सिकारुले सिक्दै गरेको भाषा उसको पहिलो भाषा हो भने उसको अभिव्यक्ति मातृभाषा वा कथ्य भाषिक भेदबाट बढी प्रभावित हुने सम्भावना रहन्छ भने यदि दोस्रो भाषाका रूपमा सिकारुले उक्त भाषा सिकि रहेको छ भने त्यस अवस्थामा उसको पहिलो भाषाको व्यवस्थाले लिखित अभिव्यक्तिलाई प्रभावित गरि रहेको हुन्छ । लेखनमा विचलन कम गर्न र एकरूपता कायम गर्न मानक भाषाको शिक्षण र सिकाइमा जोड दिनु आवश्यक हुन्छ । विद्यार्थीका लिखित अभिव्यक्तिको परीक्षण गर्ने क्रममा मानक भाषाको प्रयोग पक्ष कस्तो र कुन स्तरमा रहेको छ भन्ने कुरालाई पनि आधार मानिनेछ ।

यसरी भाषा सिकारुका लिखित अभिव्यक्ति क्षमताको परीक्षण गर्दा माथि उल्लिखित पक्षहरूको आधार लिन सकिन्छ । उक्त पक्षहरू प्रयोगको समग्र स्थिति राम्रो भएमा मात्रै लिखित अभिव्यक्ति क्षमता राम्रो रहेको मानिन्छ अन्यथा लिखित अभिव्यक्ति क्षमता कमजोर रहेको पुष्टि हुन्छ । उक्त सबै पक्षहरूमा समान क्षमता भएमा मात्रै लेखन उत्कृष्ट र प्रभावकारी हुन्छ, कुनै एउटा पक्ष मात्रै राम्रो भएर पुग्दैन । उदाहरणका लागि अक्षरहरू राम्रा र सफा भएर मात्र पुग्दैन त्यसका साथै विषय वस्तुको पर्याप्तता, शृङ्खलाबद्धता, शब्द छनोट तथा प्रयोगको उपयुक्तता, मानक भाषाको समुचित प्रयोग, शुद्ध वर्ण-विन्यास जस्ता कुराहरू पनि आवश्यक हुन्छन् ।

### २.३.४ **लिखित अभिव्यक्तिका सबल र दुर्बल पक्षहरू**

के कति कुरा पुगेका अथवा कस्ता लिखित अभिव्यक्तिलाई सकारात्मक मान्ने वा सबल मान्ने र कस्तालाई नकारात्मक वा कमजोर मान्ने भन्ने कुरा लिखित अभिव्यक्ति क्षमताको अध्ययनमा महत्त्वपूर्ण मानिन्छ । यस परिप्रेक्ष्यमा सबल वा उत्कृष्ट लिखित अभिव्यक्तिमा हुने गुणहरू र नकारात्मक वा दुर्बल लिखित अभिव्यक्तिमा हुने गुणहरूको चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

विषय वस्तु सम्बन्धी ज्ञानको, पर्याप्तता भएको, उचित मात्रामा ठाउँ तथा किनारा छोडिएको, सफा, स्पष्ट र केरमेट रहित अभिव्यक्तिलाई राम्रो मानिन्छ । त्यसै गरी विषय वस्तु एवम् प्रसङ्ग अनुरूप अनुच्छेद गठन तथा परिवर्तन गरिएको, शुद्ध, सान्दर्भिक, स्वीकार्य र बोधगम्य शब्द तथा वाक्य ढाँचाको छनोट तथा प्रयोग भएको, विषय अनुकूलको शैलीमा प्रस्तुत गरिएको अभिव्यक्तिलाई सकारात्मक मानिन्छ । लिखित अभिव्यक्ति सबल र प्रभावकारी हुनका लागि वर्णविन्यासको उचित पालना तथा लेख्य एवम् विराम चिह्नहरूको उचित प्रयोग गरिएको हुनु पर्छ । यसका साथै आदि, मध्य र अन्त्यको समुचित शृङ्खलाबद्धता, सरलता, बोध गम्यता वैकल्पिक शब्दहरूको सान्दर्भिक प्रयोग तथा स्तरीय र मानक भाषाको प्रयोग उत्कृष्ट लिखित अभिव्यक्तिका विशेषताहरू हुन् ।

उक्त उल्लिखित कुराहरूका विपरीत सफा र स्पष्ट लेखाइको अभाव रहनु, आवश्यक मात्रामा किनारा तथा ठाउँ नछोड्नु, प्रसङ्ग अनुरुप अनुच्छेद गठन र परिवर्तन नगर्नु, ज्यादै क्लिष्ट एवम् अस्वाभाविक भाषाशैली जस्ता कुरालाई लिखित अभिव्यक्तिका

नकारात्मक पक्ष मानिन्छ । यसका साथै उचित सन्दर्भमा उचित शब्द तथा वाक्यको प्रयोग नभएको, वाक्य संरचना नमिलेको, व्याकरणिक नियमको ख्याल नगरिएको, वर्णविन्यासको पालना नगरिएको, चिह्नहरूको समुचित प्रयोग नगरिएको तथा स्थानीय वा अमानक भाषाको प्रयोग भएको लिखित अभिव्यक्तिलाई कमजोर वा दुर्बल मानिन्छ ।

## २.४ **सारांश**

मानव जीवनमा लेखन कलाको निकै नै महत्त्व रहेको छ । व्यवाहारिक र व्यवसायिक दुबै दृष्टिले लिखित अभिव्यक्ति सिपको अपरिहार्यता दिनानुदिन बढ्दै गएको पाइन्छ । यसथै भाषा शिक्षणमा लेखन कला शिक्षण एउटा अनिवार्य अङ्गका रूपमा रहेको हुन्छ । तल्ला कक्षाहरूदेखि नै भाषाका अन्य सिपसँगै लेखाइ सिपको विकास गर्न प्रशस्त प्रयोग र अभ्यास गराउनु पर्दछ । तल्ला कक्षाहरूमा अनुलेखन, श्रुतिलेखन, हस्त लेखन, चित्रण वर्णन, घटना वर्णन जस्ता कार्यकलाप तथा माथिल्ला कक्षाहरूमा निबन्ध लेखन, दैनिकी लेखन, प्रतिवेदन लेखन, कथा लेखन, अनुच्छेद तथा सारांश लेखन, वाद विवाद लेखन जस्ता कार्यकलापमा विद्यार्थीहरूलाई सरिक गराएर उनीहरूमा लिखित अभिव्यक्ति सिपको विकास गराउनु पर्दछ । विद्यार्थीका लिखित अभिव्यक्ति क्षमताको परीक्षण गर्दा शब्द छनोट तथा प्रयोग, वर्णविन्यास, अभिव्यक्ति शैली, लेख्य चिह्नको प्रयोग, वाक्यगठन, शृङ्खलाबद्धता र मानक भाषाको प्रयोग जस्ता पक्षहरूलाई आधार मान्न सकिन्छ । लेखन कलामा उत्कृष्टता हासिल गर्नका लागि उपर्युक्त सबै कुरामा दक्षता हासिल गर्नु पर्दछ । सिकारुको भाषा विकास तथा सिकाइको गति र प्रवृत्ति थाहा पाउन पनि लिखित अभिव्यक्ति क्षमताको अध्ययन र परीक्षण गर्नु आवश्यक हुन्छ ।

# अध्याय तिन

# अध्ययन विधि तथा प्रक्रिया

## ३.१ परिचय

अनुसन्धान भनेको नयाँ तथ्य पत्ता लगाउने वा पुरानै तथ्यको पुनरावलोकन र पुर्नव्याख्या गर्न गरिएको तर्क सङ्गत, व्यवस्थित र औपचारिक खोजी हो । यसको प्रक्रिया वैज्ञानिक हुन्छ र यसमा कुनै सिद्धान्तको खोजी गर्ने प्रयास गरिएको हुन्छ ।

यसको व्युत्पतितर्फ हेर्दा यो शब्द “अनु+सम्+धा+अन” मिलेर बनेको देखिन्छ । “अनु” को अर्थ “पछिपछि लाग्नु” वा “नजिक जानु” हुन्छ भन्ने “सन्धान” (सम्+धा+अन) को अर्थ “खोजी गर्नु” पत्ता लगाउनु वा अन्वेषण गर्नु” हुन्छ । यसरी शाब्दिक अर्थ “कुनै विषय वा समस्याको पछि लागेर त्यसको अन्वेषण गर्नु भन्ने हुन्छ । (गौताम, २०६१:१)। ” अनुसन्धान कार्य आफैमा ज्यादै कठिन कार्य हो । जुन सुकै अनुसन्धान कार्यलाई लक्षित गन्तब्यमा पुऱ्याउनका लागि उपयुक्त तौरतरिका अपनाउनु आवश्यक हुन्छ । त्यसैले अनुसन्धानका लागि सामग्री सङ्कलन एवम् सामाग्रीको सत्यापनसम्मको समग्र प्रक्रियालाई अध्ययन विधि भनिन्छ (भण्डारी र अन्य २०६८: १२३) ।

अनुसन्धान कार्यलाई व्यवस्थित र वैज्ञानिक बनाउन विभिन्न किसिमका अनुसन्धान कार्यलाई व्यवस्थित र वैज्ञानिक बनाउन विभिन्न किसिमका अनुसन्धान विधिहरूको उपयोग गरिन्छ जुन अनुसन्धानको प्रकृतिमा भर पर्दछ । कुनै पनि विषयमा अनुसन्धान कार्य गर्दा विषयवस्तु र त्यससँग सम्बन्धित विधिहरूको उपयोग गर्नुपर्दछ । अनुसन्धान गर्दा अध्ययन विधिको प्रयोग विना कार्य सम्पन्न नहुने हुँदा अनुसन्धान कसरी सम्पन्न गएिको छ भन्ने स्पष्ट पार्न अध्ययन विधि सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । यही विधिलाई आधार मानेर अध्ययन कार्य अगाडी बढाइन्छ ।

प्रस्तुत अध्ययन नवलपरासी जिल्लाका कक्षा दशमा अध्ययनरत थारू भाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्ने उद्देश्य रहेकोले त्यस अध्ययनमा थारू मातृभाषी विद्यार्थीहरूलाई महत्त्व दिएर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । प्रस्तुत

अध्ययन थारू भाषी विद्यार्थीहरूलाई केन्द्रिविन्दु बनाई सर्वेक्षण विधि र स्थलगत अध्ययन विधिमा आधारित रहेको छ । प्रस्तुत अध्ययनमा निम्न प्रक्रिया अवलम्बन गरिएको छ ।

## ३.२ **नमुना अध्ययन क्षेत्र**

प्रस्तुत अध्ययनमा अनुसन्धानमा कार्यलाई  उद्देश्यमूलक र व्यवस्थित बनाउनका लागि नवलपरासी जिल्लाका कक्षा दशमा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन शीर्षकलाई अध्ययनको विषय बनाइएको छ । यस अध्ययनमा विषयलाई वस्तुनिष्ठ, विश्वसनीय र बैध बनाउनका लागि मध्यविन्दु नगरपालिका, कावासोती नगरपालिका र कुमारवर्ती गा.वि.स. लाई नमुना अध्ययन क्षेत्रको रूपमा लिइएको छ ।

## ३.३ **जनसङ्ख्या छनोट**

अनुसन्धान गर्ने कममा अनुसन्धानको तोकेको क्षेत्र भित्र पर्ने लक्षित जन समूहलाई नै जनसंख्याको रूपमा लिइन्छ । अनुसन्धानकर्ताले अनुसन्धान गर्नका लागि छनोट गरिएको समूह नै जनसंङ्ख्या हो । (भण्डारी र अन्य २०६८: ६१) प्रस्तुत अध्ययनमा शैक्षिक सत्र २०७३ सालको कक्षा दशमा अध्ययनरत नवलपरासी जिल्लाका पूर्वी भेगमा पर्ने सामुदायिक र संस्थागत विद्यालयका थारू मातृभाषी विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

प्रतिनिधि जनसङ्ख्या भन्नाले सम्पूर्ण जनसङ्ख्यालाई समेट्न सक्ने प्रतिनिधि भन्ने बुझिन्छ । शोध कार्यलाई सत्य र तथ्य तुल्याउनका लागि निश्चित समूहमा परीक्षण गरी उपयुक्त निष्कर्ष निकाल्नु अपरिहार्य रहन्छ । प्रस्तावित शोधकार्य कक्षा दशमा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन रहेकोले सम्पूर्ण जिल्ला भरिका सञ्चालित सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको एकै पटक अध्ययन गर्न सम्भव हुदैंन र सकिदैन। अतः सम्पूर्ण जनसङ्यख्यालाई प्रतिनिधित्व हुने गरी उक्त शोधकार्यमा कावासोती नगरपालिका मध्यविन्दु नगरपालिका र कुमारवर्ती गा.वि.स. का चार वटा सामुदायिक र चार ओटा संस्थागत विद्यालयहरू गरी जम्मा आठओटा छनोट गरिएको छ । उक्त आठओटा विद्यालयमध्ये प्रत्येक विद्यालयबाट १०/१० विद्यार्थीहरू लिइएको छ ।

कुल ८० जना विद्यार्थीलाई प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाका रूपमा लिइएको छ जसमध्ये ४० छात्र र ४० छात्रा रहेका छन् ।

## ३.४ सामग्री सङ्कलन

अनुसन्धानलाई वैध, प्रमाणिक र विश्वसनिय बनाउन प्रयोग गरिने सामगीहरू वैज्ञानिक र व्यवस्थित ढङ्गले सङ्कलन गरिएका हुन्छन् । कुनै पनि अनुसन्धानको प्रकृति विद्यार्थीहरूको लेखन कला परीक्षण गरी तथ्य सङ्कलन गर्नु भएकोले सोही अनुरूप सामग्री निर्माण गरी अनुसन्धान कार्य गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा प्राथमिक स्रोतका सामग्री निर्माण गर्ने कममा क्षत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । नवलपरासी जिल्लाका कावासोती नगरपालिका, मध्यविन्दु नगरपालिका र कुमारवर्ती गा.वि. का चार वटा सामुदायिक (जनता मा.वि. गोडार, जनता मा.वि. नन्दभाउजु इटौरा) र चार वटा संस्थागत (सिद्धार्थ आवासीय इङ्लिस बोर्डिङ सेकेन्डरी , सेन्टपोल इङ्लिस वोर्डिङ, सेकेन्डरी, सनसाइन इङ्लिस सेकेन्डरी, नवलपुर सेकेन्डरी विद्यालयमा गई विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क गरी अनुच्छेद लेखन, चिट्ठी लेखन, वादविवाद लेखन, निवेदन लेखन, निबन्ध लेखन,गराइएको छ । उक्त उत्तर पुस्तिकालाई वाक्यगठन, वर्णविन्यास, लेख्य चिह्न प्रयोग शब्द छनोट तथा प्रयोग, अभिव्यक्ति शैली । प्रस्तुति शृङ्खला वद्धता, मानक भाषाको प्रयोगका आधारमा परीक्षण गरेर तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

प्रस्तुत अनुसन्धानलाई सफल प्रभावकारी तथा विश्वसनीय बनाउनका लागि द्वितीयक स्रोतका रूपमा उक्त अध्ययनसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू शोधपत्र, शोध प्रतिवेदन, पत्रपत्रिका, विभिन्न पाठ्यसामग्री साथै गुरुवर्गहरूका सल्लाह, सुझाव र निर्देशन आदिलाई लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन

प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित विद्यालयका प्र.अ. र विषय शिक्षकको आवश्यक सहयोगका आधारमा विद्यालय प्रशासनसँग समन्वय गर्दै प्रतिनिधि नमुनाको रूपमा छनौट गरिएका शैक्षिक सत्र २०७३ का नवलपरासी जिल्लाका चार वटा सामुदायिक र चार वटा संस्थागत विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई छुट्टै कोठामा राखी आवश्यक निर्देशन दिएर २० मिनेट समय भित्र अनुच्छेद चिठ्ठी, निवेदन, वादविवाद र निबन्ध लेख्न अभिप्रेरित गरिएको छ। नमुनाका रूपमा छनोट गरिएका विभिन्न विद्यालयका विद्यार्थीहरूका उत्तरपुस्तिका सङ्कलन गरी तथ्याङ्क सङ्कलन गर्ने काम गरिएको छ।

## ३.६ तथ्याङ्क विश्लेषण र मूल्याङ्कन

कुनै पनि अनुसन्धान कार्यलाई प्रभावकारी रूपमा विश्लेषण गरी कार्य सम्पन्न गर्नका लागि खास किसिमका प्रक्रिया अबलम्बन गरी अगाडि बढनु पर्दछ । त्यसैले सम्बन्धित विद्यालयका विद्यार्थीहरूबाट तथ्याङ्क सङ्कलन गर्दा ५० पूर्णाङ्कलाई १०० आधार मानिएको छ । जसमा प्रत्येक परीक्षणीय पक्षलाई १०/१० अङ्कमा बर्गीकरण गरी विद्यार्थीहरूको अत्युत्तम, उत्तम, मध्यम, निम्न र न्यूनतम श्रेणी निर्धारण गरिएको छ । जसमा ८-९ अङ्क अर्थात् ८० प्रतिशतदेखि माथि ल्याउनेलाई अत्युतम ६-७ अङ्क अर्थात् ६० देखि ७० प्रतिशतसम्म ल्याउनेलाई उत्तम, ५-४ अङ्क अर्थात् ५० देखि ४० प्रतिशत सम्म लगाउनेलाई मध्यम, ३-२ अङक अर्थात् ३० देखि २० प्रतिशतसम्म ल्याउनेलाई निम्न र १-० अर्थात् १० प्रतिशत ल्याउनेलाई न्यूनतम श्रेणीमा वर्गीकरण गरी तथ्याङ्क सङ्कलन गरिएको छ। तथ्याङ्क ,सङ्कलन पश्चात् विद्यार्थीहरूले परीक्षणीय पक्षमा देखाएका क्षमता स्तर निर्धारण गरी तालिकीकरण गरिएको छ । विद्यार्थीहरूले देखाएका उक्त क्षमतालाई विद्यालयगत र समग्रताका आधारमा अत्युतम, उत्तम, मध्यम, निम्न र न्यूनतम स्तरमा छुट्याएका वर्गीकृत तथ्याङ्कलाई प्रतिशतका आधारमा व्याख्या विश्लेषण गरिएको छ।

# अध्याय - चार

# समस्या तथा विश्लेषण

## ४.१ थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा नवलपरासी जिल्लाका कक्षा १० मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको नेपाली भाषामा लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्ने प्रयास गरिएको छ । त्यस अध्ययनका लागि नवलपरासी जिल्लाका पूवी भेगमा पर्ने कावासोती नगरपालिका, मध्यविन्दु नगरपालिका र कुमावर्ती गा.वि.स. अन्तर्गत रहेका ४ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयका कक्षा दशमा अध्ययनरत १०/१० जनाका दरले ८० जना थारू मातृभाषी विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ उनीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्न अनुच्छेदलेखन, निबन्धलेखन, चिट्ठीलेखन, निवेदनलेखन र वाद- विवादलेखन सम्बन्धी प्रश्नावली तयार गरी परीक्षण गरिएको छ । परीक्षणका क्रममा विद्यार्थीहरूलाई २० मिनेटमा उत्तर लेखी सक्नु पर्ने गरी समय निर्धारण गरिएको थियो । परीक्षण पश्चात् उनीहरूका उत्तरपुस्तिकाको जाँच गरी लिखित अभिव्यक्तिका विभिन्न परीक्षणीय पक्षहरू (शृङ्खलावद्धता, वाक्यगठन , वर्णविन्यास, चिह्न प्रयोग, मानक भाषाको प्रयोग अभिव्यक्ति शैली, शब्द छनोट तथा प्रयोग) मा उनीहरूको क्षमता स्तर के कस्तो छ अत्युत्तम ,उत्तम, मध्यम, निम्न र न्यूनतम स्तरमा छुट्याई प्रतिशत गणना गरी तालिकीकरण गरिएको छ । विद्यालयगत र समग्र आधारमा उनीहरूको लिखित अभिव्यक्ति क्षमताको छुट्छुट्टै व्याख्या गरी विश्लेषण गरिएको छ । अध्ययनका क्रममा प्राप्त तथ्याङ्कको यथातथ्य विवरण तथा त्यसको व्याख्या विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ ।

अध्ययनका लागि छानिएका आठओटा विद्यालयहरूका कक्षा दशमा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको पहिचान र व्याख्या विश्लेषण क्रमशः यस प्रकार प्रस्तुत गरिएको छ ।

### ४.१.१ **श्री जनता माध्यमिक विद्यालय डण्डामा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन विश्लेषण**

**तालिका नं. १**

**वाक्यगठन**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | २ | १ | ६ | १ | - | १० | |
| प्रतिशत | २० | १० | ६० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता स्तरलाई हेर्दा अत्युत्तममा  २ जना अर्थात् २० प्रतिशत, उत्तममा १ जना अर्थात् १० प्रतिशत मध्यममा ६ जना अर्थात् ६० प्रतिशत,निम्नमा  १ जना अर्थात् १० प्रतिशत र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन। वाक्यगठनगत यस परिमाणलाई हेर्दा मध्यम स्तरको क्षमता बढी विद्यार्थीहरूले प्राप्त गर्नु अत्युत्तम र उत्तम स्तरको क्षमता कम विद्यार्थीहरूको वाक्यगठन गत क्षमता अभिवृद्धिका लागि पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. २**

**वर्ण-विन्यास**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | २ | ६ | १ | १ | १० | |
| प्रतिशत | - | २० | ६० | १० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वर्णविन्यास क्षमता स्तरलाई हेर्दा अत्युत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन, त्यसै गरी उत्तममा २ जना अर्थात् २० प्रतिशत मध्यममा ६ जना अर्थात् ६० प्रतिशत, निम्नमा १ जना अर्थात् १० प्रतिशत र न्यूनतममा १ जना अर्थात् १० प्रतिशत, निम्नमा १ जना अर्थात् १० प्रतिशत रहेको छ । वर्णविन्यासगत यस परिणामलाई हेर्दा मध्यम स्तरको क्षमता धेरै विद्यार्थीहरूले प्राप्त गर्नु र

उत्तम स्तरको क्षमता सामान्य रहेको पाइन्छ । यसर्थ उक्त विद्यालयका विद्यार्थीहरूको लेखन अभिव्यक्तिगत क्षमता अभिवृद्धिका लागि विद्यार्थीहरूलाई वर्णविन्यासगत पक्षमा सचेत गराउनस पर्ने देखिन्छ ।

**तालिका नं. ३**

**शब्द छनोट तथा प्रयोग**

| स्तर | अत्युत्तम | उत्तम | मध्यक | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ७ | २ | - | १० | |
| प्रतिशत | - | १० | ७० | २० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तरलाई केलाउदा अत्युत्तम र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन ।त्यसै गरी उत्तममा १ जना अर्थात् १० प्रतिशत , मध्यममा ७ जना अर्थात् ७० प्रतिशत निम्नमा २ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । शब्द छनोट र प्रयोगगत यस परिणामलाई हेर्दा मध्यम स्तरको क्षमतामा धेरै विद्यार्थीहरू पर्न सफल भएका छन् भने उत्तममा कम त्यसै गरी अत्युत्तममा कुनै पनि विद्यार्थीहरू नपर्नुले जनता मा.वि.का विद्यार्थीहरू शब्द छनोट र प्रयोगगत क्षमता अपेक्षाकृतभन्दा सामान्य स्तरको नै रहेको पाइन्छ । उक्त विद्यालयका विद्यार्थीहरूको क्षमता सुधार गर्न आवश्यक क्रियाकलाप गराई शब्द छनोट र प्रयोगगत क्षमता स्तर अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।

**तालिका नं. ४**

**अभिव्यक्ति प्रस्तुति**

| स्तर | अत्युतम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | २ | ६ | २ | - | १० | |
| प्रतिशत | - | २० | ६० | २० | - | १०० | |

माथिको तालिका अनुसार अभिव्यक्ति शैली क्षमता स्तरलाई हेर्दा अत्युत्तम र न्यूनत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा २ जना अर्थात् २० प्रतिशत, मध्यममा ६ जना अर्थात् ६० प्रतिशत र निम्नमा २ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत यस परिणामलाई मनन गर्दा जनता मा.वि. का विद्यार्थीहरूको अभिव्यक्तिगत क्षमता मध्यम स्तरको रहेको पाइन्छ । अत : यसको अभिवृद्धिका लागि पर्याप्त अभ्यासात्मक कार्यकलाप गराउँदै उक्त पक्षमा सुधार गर्नुपर्ने देखिन्छ ।

**तालिका नं. ५**

**मानक भाषाको प्रयोग**

| **स्तर** | **अत्युत्तम** | **उत्तम** | **मध्यम** | **निम्न** | **न्यूनतम** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | ३ | ५ | १ | - | १० | |
| प्रतिशत | १० | ३० | ५० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको मानक भाषाको प्रयोगगत क्षमता स्तरलाई हेर्दा न्यूनतम कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी अत्युत्तममा १ जना अर्थात् १० प्रतिशत उत्तममा ३ जना अर्थात् ३० प्रतिशत ,मध्यममा ५ जना अर्थात् ५० प्रतिशत निम्नमा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । मानक भाषागत पक्ष परिणामलाई हेर्दा मध्यक स्तरको क्षमता बढी विद्यार्थीहरूले प्राप्त गर्नुले जनता मा.वि. का विद्यालयका विद्यार्थीहरूले मानक भाषाको प्रयोगगत क्षमता सन्तोषजनक नै रहेको देखन्छ ।

**तालिका नं. ६**

**लेख्य चिह्न प्रयोग**

| **स्तर** | **अत्युत्तम** | **उत्तम** | **मध्यम** | **निम्न** | **न्यूनतम** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | २ | ३ | ४ | - | १० | |
| प्रतिशत | १० | २० | ३० | ४० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीको लेख्य चिह्न प्रयोगगत क्षमता स्तरलाई हेर्दान्यूनतममा कुनै पनि विद्यार्थी रहेको पाइँदैन । अत्युत्तममा १ जना अर्थात् १० पतिशत उत्तम २ जना अर्थात् २० प्रतिशत मध्यममा ३ जना अर्थात् ३० प्रतिशत र निम्नमा ४ जना अर्थात् ४० प्रतिशत रहेको पाइन्छलेख्य चिह्न प्रयोगगत क्षमता जनता मा.वि.का विद्यालयका विद्यार्थीहरूका क्षमता सन्तोष जनक नै रहेको देखिन्छ ।

**तालिका नं. ७**

**शृङ्खलाबद्धता**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | ३ | ३ | ४ | - | १० | |
| प्रतिशत | - | ३० | ३० | ४० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीको लेख्य चिह्न प्रयोगगत क्षमता स्तरलाई हेर्दा न्यूनतममा र अत्युत्तममा कुनै पनि विद्यार्थी रहेको पाइँदैन । उत्तममा ३ जना अर्थात् ३० जना मध्यममा ३ जना अर्थात् ३० प्रतिशत निम्नमा ४ जना अर्थात् ४० प्रतिशत विद्यार्थी रहेको पाइन्छ । जनता मा.वि.का विद्यार्थीहरूको शृङ्खलाबद्धता निम्नस्तरमा नै बढी देखिएको पाइन्छ । अतः यसको अभिवृद्धिका लागि पर्याप्त अभ्यासात्मक कार्यकलाप गराउदै उक्त पक्षमा सुधार गनुपर्ने देखिन्छ ।

### ४.१.२ सरस्वती माध्यमिक विद्यालय गोछडामा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन विश्लेषण

**तालिका नं. ८**

**वाक्यगठन**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ६ | ३ | - | १० | |
| प्रतिशत | - | १० | ६० | ३० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता स्तरलाई हेर्दा अत्युतम र न्यूनत्तम कुनै पनि विद्यार्थीहरू रहेका पाइँदैन । त्यसै गरी उत्तममा १ जना १० प्रतिशत, मध्यममा ६ जना ६० प्रतिशत निम्नमा ३ जना ३० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । वाक्यगठनगत यस स्तरको क्षमता अपेक्षाकृतभन्दा निम्न स्तरको रहेको पाइन्छ । यसर्थ उक्त विद्यालयका विद्यार्थीहरूको क्षमता अभिवृद्धिका लागि पर्याप्त अभ्यासमात्क कार्यकलाप गराउनु पर्ने देखिन्छ ।

### तालिका नं. ९

### वर्ण - विन्यास

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ५ | १ | ३ | १० | |
| प्रतिशत | - | १० | ५० | १० | ३० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वर्ण-विन्यासगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा १ जना अर्थात् १० प्रतिशत र मध्यममा ५ जना अर्थात् ५० प्रतिशत र निम्नमा १ जन अर्थात् १० प्रतिशत न्यूनतममा ३ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरूले प्राप्त गर्नले सरस्वती मा.वि.का विद्यार्थीहरूको वर्ण-विन्यासगत क्षमता अत्यन्त कमजोर रहेको पाइनछ । अतः उक्त विद्यार्थीहरूलाई आवश्यक अभ्यास गराई वर्ण-विन्यासगत क्षमता स्तर अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

### तालिका नं. १०

### शब्द छनोट तथा प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ५ | ४ | १ | १० | |
| प्रतिशत | - | - | ५० | ४० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम र उत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । यसै गरी मध्यममा ५ जना अर्थात् ५० प्रतिशत ,निम्नमा ४ जना अर्थात् ४० प्रतिशत र न्यूनतममा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइँन्छ। शब्द छनोट र प्रयोगगत यस परिणामलाई हेर्दा मध्यम र निम्न स्तरको क्षमता बढी विद्यार्थीहरूले प्राप्त गर्नु अव्यूत्तम र उत्तम स्तरको क्षमता कुनै पनि विद्यार्थीहरूले  प्राप्त गर्नु, अत्युत्तम र उत्तम स्तरको क्षमता कुनै पनि विद्यार्थीहरूले प्राप्त नगर्नेले सरस्वती मा.वि. का विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तरमा अभिवृद्धि गर्न पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

## तालिका नं. ११

## अभिव्यक्ति प्रस्तुति

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ४ | ५ | १ | १० | |
| प्रतिशत | - | - | ४० | ५० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत क्षमता हेर्दा अत्यत्तम र उत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइदैंन ।त्यसै गरी मध्यममा ४ जना अर्थात् ४० प्रतिशत, निम्नमा ५ जना अर्थात् ५० प्रतिशत र न्यूनतममा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यसरी अत्युत्तम र उत्तम क्षमता स्तरमा कुनै पनि विद्यार्थी नपर्नु ,निम्न र न्यूनतम स्तरमा धेरै विद्यार्थी पर्नुबाट सरस्वती मा.वि.का विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत क्षमता निकै कमजोर रहेको पाइन्छ । यसर्थ उक्त विद्यालयका विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत क्षमता अभिवृद्धिका लागि पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

## तालिका नं. १२

## मानक भाषाको प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ७ | २ | १ | १० | |
| प्रतिशत | - | - | ७० | २० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको मानक भाषाको प्रयोगगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम र उत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी मध्यममा ७ जना अर्थात् ७० प्रतिशत, निम्नमा २ जना अर्थात् २० प्रतिशत र न्यूनतममा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ ।यसरी अव्यत्तम र उत्तम क्षमता कुनै पनि विद्यार्थीहरूले प्राप्त नगर्नु, मध्यममा बढी निम्न र न्यूनतम क्षमता केही विद्यार्थीहरूले प्राप्त गर्नुबाट सरस्वती मा.वि. का विद्यार्थीहरूको मानक भाषाको प्रयोग क्षमता खासै सन्तोषजनक नरहेको पाइयो । उक्त विद्यार्थीहरूको क्षमता स्तर अभिवृद्धिका लागि पर्याप्त अभ्यास गराउनु पर्ने देखिन्छ ।

## तालिका नं. १३

## लेख्य चिह्न प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | ५ | ३ | १ | - | १० | |
| प्रतिशत | १० | ५० | ३० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता स्तर सकारात्मक रहेको देखिन्छ । अत्युत्तम १ जना अर्थात् १० प्रतिशत, उत्तम ५ जना अर्थात् ५० प्रतिशत, मध्यममा ३ जना अर्थात् ३० प्रतिशत र निम्नमा १ जना अर्थात् १० प्रतिशत र न्यूनतममा शून्य प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यसरी उत्तम स्तरको क्षमता धेरै विद्यार्थीले प्राप्त गर्नुले सरस्वती मा.वि.का विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता स्तर सन्तोषजनक रहेको पाइन्छ ।

### तालिका नं. १४

### शृङ्खलाबद्धता

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ६ | ३ | १ | १० | |
| प्रतिशत | - | - | ६० | ३० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शृङ्खलाबद्धता क्षमताका प्रयोगगत स्तरलाई हेर्दा अत्युत्तम र उत्तममा कुनै पनि विद्यार्थी नरहेको देखिन्छ । मध्यममा ६ जना अर्थात् ६० प्रतिशत, निम्नमा ३ जना अर्थात् ३० प्रतिशत, न्यूनतम मा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरूको रहेको पाइन्छ । यसरी अत्युत्तम र उत्तम स्तरमा विद्यार्थीहरू कुनै पनि नदेखिएको पाइएको सरस्वती मा.वि.का विद्यार्थीहरूलाई बढीभन्दा बढी अभ्यासको आवश्यकता देखिन्छ ।

## ४.१.३ **चण्डेश्वरी माध्यमिक विद्यालय गोडारमा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन विश्लेषण**

### तालिका नं. १५

### वाक्यगठन

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | १ | ६ | २ | - | १० | |
| प्रतिशत | १० | १० | ६० | २० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता स्तर न्यनतममा केही पनि विद्यार्थीहरू नरहेको देखिन्छ । अत्युत्तममा १ जना १० प्रतिशत, उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा ६ जना अर्थात् ६० प्रतिशत, निम्नमा २ जना अर्थात् २० प्रतिशत, विद्यार्थीहरू रहेको पाइन्छ । यसरी मध्यम स्तरको क्षमता धेरै विद्यार्थीहरूले प्राप्त गर्नुले चण्डेश्वरी माध्यमिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताका लागि पर्याप्त मात्रामा अभ्यासको आवश्यकता देखिन्छ ।

## तालिका नं. १६

## वर्ण - विन्यास

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ६ | १ | २ | १० | |
| प्रतिशत | - | १० | ६० | १० | २० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वर्ण-विन्यास क्षमता स्तरलाई हेर्दा अत्युत्तममा कुनै पनि क्षमता स्तरको रहेको पाइँदैन। त्यसै गरी उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा ६ जना अर्थात् ६० प्रतिशत, निम्नमा १ जना अर्थात् १० प्रतिशत र न्यूनतम २ जना अर्थात् २० प्रतिशत रहेको पाइयो । वर्ण-विन्यासगत परिणामलाई हेर्दा मध्यम स्तरको क्षमता भएको विद्यार्थीहरू बढी रहेको पाइन्छ भने उत्तम स्तरको क्षमता भएका विद्यार्थीहरू कम रहेको पमाइन्छ । त्यसैगरी अत्युत्तम क्षमता स्तरका विद्यार्थी नपाइनु र निम्न तथा न्यूनतमम २० प्रतिशत विद्यार्थी रहेको पाइनुले चण्डेश्वरी मा.वि.का विद्यार्थीहरूको वर्ण-विन्यासगत क्षमता स्तर अपेक्षाकृत उपलब्धिभन्दा मध्यम खालको रहेको पाइन्छ । त्यसैले उक्त विद्यालयका विद्यार्थीएहरूमा वर्णविन्यासगत क्षमताको अभिवृद्धि गर्न थप अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

## तालिका नं. १७

## अभिव्यक्ति शैली

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ३ | ६ | - | १० | |
| प्रतिशत | - | १० | ३० | ६० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको अभिव्यक्ति शैली क्षमता स्तरलाई हेर्दा अत्युत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा ३ जना अर्थात् ३० प्रतिशत र निम्नमा ६ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ र यसरी अत्युत्तम र उत्तम स्तरको क्षमता न्यून

विद्यार्थीले प्राप्त गर्नु र निम्न स्तर धेरै विद्यार्थीले प्राप्त गर्नुले चण्डेश्वरी मा.वि.का विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत क्षमता निकै नै कमजोर रहेको पाइन्छ । यसर्थ उक्त विद्यालयका विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत क्षमता अभिवृद्धि गर्नका लागि पर्याप्त अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. १८**

**मानक भाषाको प्रयोग**

| **स्तर** | **अत्युत्तम** | **उत्तम** | **मध्यम** | **निम्न** | **न्यूनतम** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | २ | ५ | ३ | - | १० | |
| प्रतिशत | - | २० | ५० | ३० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको मानक भाषाको प्रयोग क्षता स्तरलाई हेर्दा अत्युत्तममा र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा २ जना अर्थात् २० प्रतिशत, मध्यममा ५ जना अर्थात् ५० प्रतिशत र निम्नमा ३ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । मानक भाषाको प्रयोगगत परिणामलाई हेर्दा मध्यम स्तरको क्षमता बढी विद्यार्थीहरूमा देखिन्छ भने उत्तममा कम अत्युत्तममा कुनै पनि विद्यार्थीहरू नरहेको पाइनुले अपेक्षाकृत उपलब्धिभन्दा सामान्य उपलब्धिका रूपमा नै क्षमता स्तर रहेको पाइन्छ। यसर्थ उक्त विद्यालयका विद्यार्थीहरूको मानक भाषाको प्रयोगगत क्षमता अभिवृद्धिका लागि पर्याप्त अभ्यासको आवश्यकता रहेको पाइन्छ ।

**तालिका नं. १९**

**लेख्य चिह्न प्रयोग**

| **स्तर** | **अत्युत्तम** | **उत्तम** | **मध्यम** | **निम्न** | **न्यूनतम** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | २ | ६ | १ | - | १० | |
| प्रतिशत | १० | २० | ६० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता स्तरलाई हेर्दा अत्युत्तम १ जना अर्थात् १० प्रतिशत, उत्तम २ जना अर्थात् २० प्रतिशत,

मध्यम ६ जना अर्थात् ६० प्रतिशत, निम्न १ जना अर्थात् १० प्रतिशत र न्यूनतममा शून्य प्रतिशत रहेको पाइयो । लेख्य चिह्न प्रयोग क्षमता सुधारात्मक देखिन्छ र अझ अभ्यास गर्नुपर्ने देखिन्छ ।

### तालिका नं. २०

### शृङ्खलावद्धता

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ३ | ४ | ३ | १० | |
| प्रतिशत | - | - | ३० | ४० | ३० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शुङ्खलावद्धता क्षमता स्तरलाई हेर्दा अत्युत्तममा र उत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी मध्यममा ३ जना अर्थात् ३० प्रतिशत, निम्नमा ४ जना अर्थात् ४० प्रतिशत, न्यूनतममा ३ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यसरी अत्युत्तम र न्यूनतममा एक प्रतिशत पनि नपर्नु निम्नमा बढी विद्यार्थीहरू पर्नुबाट चण्डेश्वरी मा.वि. का विद्यार्थीहरूको शृङ्खलावद्धता क्षमता खासै सन्तोषजनक नरहेको पाइयो । यसर्थ उक्त विद्यालयका विद्यार्थीहरूको शृङ्खलावद्धता क्षमता स्तर अभिवृद्धिका लागि उक्त पक्षमा सजक गराई पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

### तालिका नं. २१

### शब्द छनोट तथा प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ५ | ३ | १ | १० | |
| प्रतिशत | - | १० | ५० | ३० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शब्द छनोट र प्रयोग क्षमता स्तरलाई केलाउँदा अत्युत्तम कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसैगरी उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा ५ जना अर्थात् ५० प्रतिशत, निम्नमा ३ जना अर्थात् ३०

प्रतिशत, न्यूनतममा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । शब्द छनोट र प्रयोगगत परिणामलाई हेर्दा मध्यम स्तरको क्षमता न्यून विद्यार्थीहरूले प्राप्त गर्नुले चण्डेश्वरी मा.वि.का विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता मध्यम स्तर रहेको पाइयो । अर्थात् उक्त विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तरमा अभिवृद्धि गर्न पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. २२**

**वाक्यगठन**

| **स्तर** | **अत्युत्तम** | **उत्तम** | **मध्यम** | **निम्न** | **न्यूनतम** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ७ | २ | १ | १० | |
| प्रतिशत | - | - | ७० | २० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता स्तरलाई हेर्दा अत्युत्तम र उत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी मध्यममा ७ जना अर्थात् ७० प्रतिशत, निम्नमा २ जना अर्थात् २० प्रतिशत, न्यूनतममा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छन्। यसरी अत्युत्तम र उत्तम स्तरमा कुनै पनि विद्यार्थी नपर्नु मध्यममा बढी विद्यार्थी पर्नु निम्न र न्यूनतम स्तरमा केही विद्यार्थी पर्नुबाट जनता मा.वि. का विद्यार्थीहरूको वाक्यगठन क्षमता स्तर अभिवृद्धिका लागि उक्त पक्षमा सजग गराई पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. २३**

**वर्ण- विन्यास**

| **स्तर** | **अत्युत्तम** | **उत्तम** | **मध्यम** | **निम्न** | **न्यूनतम** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | २ | ४ | १ | ३ | १० | |
| प्रतिशत | - | २० | ४० | १० | ३० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वर्ण- विन्यास क्षमता स्तरलाई हेर्दा अत्युत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा २ जना अर्थात्

२० प्रतिशत, मध्यममा ४ जना अर्थात् ४० प्रतिशत, निम्नमा १ जना अर्थात् १० प्रतिशत, न्यूनतममा ३ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । वर्ण- विन्यासगत यस परिणामलाई हेर्दा उत्तममा २० प्रतिशत क्षमता स्तर रहेको देखिन्छ । त्यसै गरी अत्युत्तममा कुनै पनि क्षमता स्तर नदेखिनु तथा निम्न र न्यूनतम गरी ४० प्रतिशत क्षमता स्तर देखिनुले जनता मा.वि.का विद्यार्थीहरूको वर्ण- विन्यासगत क्षमता स्तर अपेक्षाकृत भन्दा निम्न स्तरको रहेको पाइन्छ । यसर्थ उक्त विद्यार्थीहरूमा आवश्यक मात्रामा अभ्यास गराई क्षमता स्तर अभिवृद्धि गर्नुपर्ने र वर्णविन्यासगत पक्षमा सजग गराउनु पर्ने देखिन्छ ।

**तालिका नं. २४**

**शब्द छनोट तथा प्रयोग**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ६ | २ | १ | १० | |
| प्रतिशत | - | १० | ६० | २० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तरलाई हेर्दा अत्युत्तममा मुनै पनि विद्यार्थीहरू रहेको देखिदैन । त्यसै गरी उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा ६ जना अर्थात् ६० प्रतिशत, न्यूनतममा १ जना अर्थात् १० प्रतिशत, विद्यार्थीहरू रहेको पाइन्छ । शब्द छनोट र प्रयोगगत यस परिणामलाई हेर्दा अत्युत्तम र उत्तम स्तरको क्षमता धेरै विद्यार्थीहरूले प्राप्त गर्नु जनता मा.वि. का विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता मध्यम स्तरको रहेको पाइन्छ । यसरी उक्त विद्यालयमा विद्यार्थीहरूको उत्तम स्तरको क्षमतामा अभिवृद्धि गर्न पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

## तालिका नं. २५

## अभिव्यक्ति शैली

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ४ | ४ | १ | १० | |
| प्रतिशत | - | १० | ४० | ४० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको अभिव्यक्ति शैली क्षमता स्तरलाई हेर्दा अत्युत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा ४ जना अर्थात् ४० प्रतिशत, निम्नमा ४ जना अर्थात् ४० प्रतिशत, न्यूनतममा १ जना अर्थात् १० प्रतिशत क्षमता स्तर रहेको पाइन्छ । त्यसै गरी निम्न र न्यूनतममा ५० प्रतिशत क्षमता स्तर देखिनुले विद्यार्थीहरूमा अभिव्यक्ति शैलीगत क्षमता अपेक्षाकृतभन्दा निम्न स्तरको रहेको पाइन्छ । यसर्थ विद्यार्थीहरूमा आवश्यक मात्रामा अभ्यास गराई क्षमता स्तर अभिवृद्धि गनुपर्ने देखिन्छ ।

## तालिका नं. २६

## मानक भाषाक प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | ४ | ४ | १ | १ | १० | |
| प्रतिशत | - | ४० | ४० | १० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको मानक भाषाको प्रयोग क्षमता स्तरलाई हेर्दा अत्युत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा ४ जना अर्थात् ४० प्रतिशत, मध्यममा ४ जना अर्थात् ४० प्रतिशत, निम्नमा १ जना अर्थात् १० प्रतिशत ,न्यूनतममा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । मानक भाषाको प्रयोगगत यस परिणामलाई हेर्दा उत्तम र मध्यम स्तरको क्षमता धेरै विद्यार्थीहरूको प्राप्त गर्नुले जनता मा.वि. का विद्यार्थीहरूको मानक भाषाको प्रयोगगत क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

## तालिका नं. २७

## लेख्य चिह्न प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | २ | ३ | ४ | १ | - | १० | |
| प्रतिशत | २० | ३० | ४० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता स्तरलाई हेर्दा अत्युत्तममा २ जना अर्थात् २० प्रतिशत, उत्तममा ३ जना अर्थात् ३० प्रतिशत, मध्यममा ४ जना अर्थात् ४० प्रतिशत, निम्नमा १ जना अर्थात् १० प्रतिशत रहेको पाइन्छ । न्यूनतममा कुनै पनि विद्यार्थी नभएको पाइन्छ । लेख्य चिह्न प्रयोगगत यस परिणामलाई हेर्दा अत्युत्तम ,उत्तम र मध्यममा स्तरको क्षमता धेरै विद्यार्थीहरूले प्राप्त गर्नुले जनता मा.वि. का विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगगत क्षमता राम्रो नै रहेको देखिन्छ ।

## तालिका नं. २८

## शृङ्खलावद्धता

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ३ | ६ | १ | १० | |
| प्रतिशत | - | - | ३० | ६० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शृङ्खलावद्धता क्षमता स्तरलाई हेर्दा अत्युत्तम र उत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी मध्यममा ३ जना अर्थात् ३० प्रतिशत, निम्नमा ६ जना अर्थात् ६० प्रतिशत र न्यूनतममा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । अत्युत्तम र उत्तममा कुनै पनि विद्यार्थी नपर्ने भएकाले शृङ्खलावद्धता अभिव्यक्ति शैलीगत क्षमता अपेक्षाकृतभन्दा निम्न स्तरको रहेको पाइन्छ । यसर्थ विद्यार्थीहरूमा आवश्यक मात्रामा अभ्यास गराई क्षमता स्तर अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

### ४.१.४ **सिद्धार्थ वोडिङ सेकेन्डरी स्कुलमा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन विश्लेषण**

**तालिका नं. २९**

**वाक्यगठन**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | २ | ४ | ३ | - | १० | |
| प्रतिशत | १० | २० | ४० | ३० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वाक्यगत क्षमता स्तरलाई हेर्दा अत्युत्तममा १ जना अर्थात् १० प्रतिशत, उत्तममा २ जना अर्थात् २० प्रतिशत, मध्यममा ४ जना अर्थात् ४० प्रतिशत निम्नमा ३ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । न्यूनतममा कुनै पनि विद्यार्थी नरहेको पाइन्छ । वाक्यगठनगत यस परिणामलाई हेर्दा अत्युत्तम उत्तम, मध्यम स्तरको क्षमता धेरै विद्यार्थीहरूले प्राप्त गरेकाले सिद्धार्थ वोडिङ सेकेन्डरी विद्यालयका विद्यार्थीहरूको वाक्यगठनगत क्षमता स्तर सन्तोषजनक नै रहेको पाइन्छ ।

**तालिका नं. ३०**

**वर्ण- विन्यास**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | ५ | ३ | १ | - | १० | |
| प्रतिशत | १० | ५० | ३० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वर्ण-विन्यासगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम १ जना अर्थात् १० प्रतिशत, उत्तममा ५ जना अर्थात् ५० प्रतिशत, मध्यममा ३ जना अर्थात् ३० प्रतिशत, निम्नमा १ जना अर्थात् १० प्रतिशत  र न्यूनतममा कुनै पनि विद्यार्थी नरहेको पाइन्छ । यसरी उत्तममा र मध्यममा गरी ८० जना विद्यार्थी परेको हुनाले केही हद सुधारको अवस्था देखिन्छ ।

## तालिका नं. ३१

## शब्द छनोट तथा प्रयोग तालिका

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | ५ | २ | २ | - | १० | |
| प्रतिशत | १० | ५० | २० | २० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तरलाई केलाउदा अत्युत्तममा १ जना अर्थात् १० प्रतिशत, उत्तममा ५ जना अर्थात् ५० प्रतिशत, मध्यममा २ जना अर्थात् २० प्रतिशत, निम्नमा २ जना अर्थात् २० प्रतिशत र न्यूनत्तममा कुनै पनि विद्यार्थीहरू नरहेको पाइन्छ । शब्द छनोट र प्रयोगगत यस परिणामलाई हेर्दा उत्तम स्तरको क्षमता बढी विद्यार्थीहरूले प्राप्त गर्नुले  सिद्धार्थ ई. वोडिङ स्कुलका विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तर सन्तोषजनक रहेको देखिन्छ।

## तालिका नं. ३२

## अभिव्यक्ति शैली

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | ३ | ५ | १ | - | १० | |
| प्रतिशत | १० | ३० | ५० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत क्षमता स्तरलाई हेर्दा अत्युत्तममा १ जना अर्थात् १० प्रतिशत, उत्तममा ३ जना अर्थात् ३० प्रतिशत, मध्यममा ५ जना अर्थात् ५० प्रतिशत, निम्नमा १ जना अर्थात् १० प्रतिशत र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । शब्द छनोट तथा प्रयोगगत यस परिणामलाई प्राप्त गर्नुले सिद्धार्थ ई.वो स्कुलका विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत क्षमता स्तर सन्तोषजनक रहेको पाइन्छ ।

## तालिका नं. ३३

## मानक भाषाको प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | ६ | ४ | - | - | १० | |
| प्रतिशत | - | ६० | ४० | - | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको मानक भाषाको प्रयोग क्षमता स्तरलाई हेर्दा अत्युत्तम, निम्न र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा ६ जना अर्थात् ६० प्रतिशत, मध्यममा ४ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । मानक भाषाको प्रयोगगत यस परिणामलाई हेर्दा उत्तम स्तरको क्षमता बढी विद्यार्थीहरूले प्राप्त गर्नु र निम्न तथा न्यूनतम स्तरको क्षमता कुनै पनि विद्यार्थीहरूले प्राप्त नगर्नुले उक्त विद्यार्थीहरूको मानक भाषाको प्रयोगगत क्षमता स्तर उच्च रहेको देखिन्छ ।

## तालिका नं. ३४

## लेख्य चिह्न प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | ३ | २ | ५ | - | - | १० | |
| प्रतिशत | ३० | २० | ५० | - | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता स्तरलाई हेर्दा अत्युत्तममा ३ जना अर्थात् ३० प्रतिशत, उत्तममा २ जना अर्थात् २० प्रतिशत, मध्यममा ५ जना अर्थात् ५० प्रतिशत, निम्नमा र न्यूनतममा कुनै कुनै पनि विद्यार्थी नरहेको पाइन्छ । न्यूनतम र न्यून स्तरको क्षमता कुनै पनि विद्यार्थीहरूले प्राप्त नगर्नुले उक्त विद्यालयका विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता स्तर राम्रो र उच्च रहेको पाइन्छ ।

**तालिका नं. ३५**

**शृङ्खलावद्धता**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ३ | ५ | १ | १० | |
| प्रतिशत | - | १० | ३० | ५० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शृङ्खलावद्धता अभिव्यक्ति शैलीको क्षमता स्तम्भ अत्युत्तममा कुनै पनि विद्यार्थी नरहेको उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा ३ जना अर्थात ३० प्रतिशत, निम्नमा ५ जना अर्थात् ५० प्रतिशत र न्यूनतममा १ जना अर्थात् १० प्रतिशत, विद्यार्थीहरू रहेको पाइन्छ । विद्यार्थीहरूमा अपेक्षाकृतभन्दा कम क्षमता स्तर देखिएको हुनाले पर्याप्त मात्रामा अभ्यासको आवश्यकता देखिन्छ ।

### ४.१.५ **सनसाइन ई.बोडिङ स्कुल ढोकीमा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन विश्लेषण**

**तालिका नं. ३६**

**वाक्यगठन**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | २ | ६ | २ | - | १० | |
| प्रतिशत | - | २० | ६० | २० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता स्तरलाई हेर्दा अत्युत्तममा र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसैगरी उत्तममा २ जना अर्थात् २० प्रतिशत, मध्यममा ६ जना अर्थात् ६० प्रतिशत, निम्नमा २ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । वाक्यगठनगत यस परिणामलाई हेर्दा मध्यम स्तरको क्षमता धेरै विद्यार्थीहरूले प्राप्त गर्नुले सनसाइन ई.वो. स्कुलका विद्यार्थीहरूको

वाक्यगठनगत क्षमता तर मध्य स्तर नै रहेको पाइन्छ । अतः उक्त विद्यार्थीहरूको वाक्यगठन क्षमता स्तरमा अभिवृद्धि गर्न पर्याप्त अभ्यासात्मक गराउनु पर्ने देखिन्छ ।

**तालिका नं. ३७**

**वर्ण- विन्यास**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | ५ | ४ | १ | - | १० | |
| प्रतिशत | - | ५० | ४० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वर्ण- विन्यासगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा ५ जना अर्थात् ५० प्रतिशत, मध्यममा ४ जना अर्थात् ४० प्रतिशत, निम्नमा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । वर्ण- विन्यासगत यसको परिणामलाई हेर्दा उत्तम स्तरको क्षमता धेरै विद्यार्थीहरले प्राप्त गर्नुले सनसाइन ई.बोडिङ स्कुलका विद्यार्थीहरूको वर्ण- विन्यासगत क्षमता स्तर सन्तोषजनक रहेको पाइन्छ ।

**तालिका नं. ३८**

**शब्द छनोट तथा प्रयोग**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | ५ | ३ | २ | - | १० | |
| प्रतिशत | - | ५० | ३० | २० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शब्द छनोट र प्रयोग क्षमता स्तरलाई हेर्दा अत्युत्तम र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा ५ जना अर्थात् ५० प्रतिशत , मध्यममा ३ जना अर्थात् ३० प्रतिशत, निम्नमा २ जना अर्थात् २० प्रतिशत,  विद्यार्थीहरू रहेको पाइन्छ । शब्द छनोट तथा प्रयोगगत यस परिणामलाई हेर्दा उत्तम स्तरको क्षमता अत्यधिक विद्यार्थीहरूले प्राप्त गर्नुले सनसाइन ई.वो. स्कुलका विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तर सन्तोषजनक रहेको पाइन्छ ।

## तालिका नं. ३९

## मानक भाषाको प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | ४ | ५ | १ | - | १० | |
| प्रतिशत | - | ४० | ५० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको मानक भाषाको प्रयोगगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा ४ जना अर्थात् ४० प्रतिशत, मध्यममा ५ जना अर्थात् ५० प्रतिशत, निम्न १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । मानक भाषाको प्रयोगगत यस परिणामलाई हेर्दा उत्तम र मध्यम स्तरको क्षमता धेरै विद्यार्थीहरूले प्राप्त गर्नुले सनसाइन ई.बो. स्कुलका विद्यार्थीहरूको मानक भाषाको प्रयोगगत क्षमता स्तर सन्तोषजनक नै रहेको मान्न सकिन्छ ।

## तालिका नं. ४०

## लेख्य चिह्न प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | २ | ३ | ५ | - | - | १० | |
| प्रतिशत | २० | ३० | ५० | - | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको लेख्य चिह्न क्षमता स्तरलाई हेर्दा निम्न र न्यूनतममा कुनै पनि विद्यार्थी नरहेको पाइन्छ । त्यसैगरी अत्युत्तममा २ जना अर्थात् २० प्रतिशत, उत्तममा ३ जना अर्थात् ३० प्रतिशत, मध्यममा ५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगगत क्षमता स्तरमा निम्न र न्यूनतममा कुनै पनि विद्यार्थी नपर्नुले सनसान ई.वो. स्कुलको लेख्य चिह्न प्रयोगत क्षमता उच्च रहेको देखिन्छ ।

## तालिका नं. ४१

## शृङ्खलावद्धता

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ३ | ४ | २ | १० | |
| प्रतिशत | - | १० | ३० | ४० | २० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शृङ्खलावद्धता प्रयोगगत क्षमता स्तरलाई हेर्दा अत्युत्तममा कुनै पनि विद्यार्थी नरहेको पाइन्छ । त्यसैगरी उत्तममा १ जना अर्थात् १० प्रतिशत मध्यममा ३ जना ३० प्रतिशत। निम्नमा ४ जना अर्थात् ४० प्रतिशत, न्यूनतममा २ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यस शृङ्खलावद्धता क्षमता स्तर हेर्दा सनसाइन ई.वो. स्कुलका विद्यार्थीहरूलाई सकेसम्म धेरैभन्दा धेरै अभ्यासात्मक कार्यकलापको खाँचो देखिन्छ ।

## तालिका नं. ४२

## अभिव्यक्ति प्रस्तुति

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | ३ | ६ | - | - | १० | |
| प्रतिशत | १० | ३० | ६० | - | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको अभिव्यक्ति शैली/प्रस्तुतिगत क्षमता स्तरमा निम्न तथा न्यूनतममा कुनै पनि विद्यार्थी नरहेको पाइन्छ । त्यसै गरी अत्युत्तममा १ जना अर्थात् १० प्रतिशत, उत्तममा ३ जना ३० प्रतिशत, मध्यममा ६ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । मध्यम स्तरको क्षमता बढी प्राप्त गर्नुले यस विद्यालयका विद्यार्थीहरूको अभिव्यक्तिगत शैली क्षमता स्तर सन्तोषजनक नै रहेको मान्न सकिन्छ ।

### ४.१.६ **सेन्टपोल ईङ्लिस स्कुल गोछडा**

**तालिका नं. ४३**

**वाक्यगठन**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ५ | २ | २ | १० | |
| प्रतिशत | - | १० | ५० | २० | २० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वाक्यगठनगत क्षमता स्तरलाई हेर्दा अत्युत्तमम कुनै पनि विद्यार्थी रहेको पाइँदैन । त्यसै गरी उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा ५ जना अर्थात् ५० प्रतिशत, निम्नमा २ जना अर्थात् २० प्रतिशत, न्यूनतममा २ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । वाक्यगठनगत परिणामलाई निम्न र निम्नत्तम स्तरको क्षमता अत्यधिक विद्यार्थीहरूले प्राप्त गर्नुले सेन्टपोल ई.स्कुलका विद्यार्थीहरूको वाक्यगठनगत क्षमता कमजोर रहेको पाइन्छ । यसको अभिवृद्धिका लागि पर्याप्त अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. ४४**

**वर्ण-विन्यास**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ४ | ६ | - | १० | |
| प्रतिशत | - | - | ४० | ६० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वर्ण-विन्यासगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम र उत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी मध्यममा ४ जना अर्थात् ४० प्रतिशत, निम्नमा ६ जना अर्थात् ६० प्रतिशत र न्यूनतममा कुनै पनि विद्यार्थी नरहेको पाइन्छ । यसरी वर्णविन्यासगत यस परिणामलाई हेर्दा मध्य र निम्न स्तरको क्षमता अत्यधिक विद्यार्थीहरूले प्राप्त गर्नुले सेन्टपोल ई. स्कुलका

विद्यार्थीहरूको वर्णविन्यासगत क्षमता अत्यन्त कमजोर रहेको पाइन्छ । यसको अभिवृद्धिका लागि पर्याप्त अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. ४५**

**शब्द छनोट तथा प्रयोग**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | २ | ५ | २ | १० | |
| प्रतिशत | - | १० | २० | ५० | २० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तरलाई हेर्दा अत्यत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा २ जना अर्थात् २० प्रतिशत, निम्नमा ५ जना अर्थात् ५० प्रतिशत र न्यूनतममा २ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । शब्द छनोट र प्रयोगगत र परिणामलाई हेर्दा निम्न स्तरको क्षमता धेरै विद्यार्थीहरूले प्राप्त गर्नुले सेन्टपोल ई. स्कुलका विद्यार्थीहरूमा शब्द छनोट र प्रयोगगत क्षमता निकै कमजोर रहेको पाइन्छ । यसर्थ उक्त विद्यार्थीहरूको शब्द छनोट र प्रयोगगत क्षमतामा अभिवृद्धि पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. ४६**

**अभिव्यक्ति शैली**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ४ | ४ | २ | १० | |
| प्रतिशत | - | - | ४० | ४० | २० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम र उत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन। त्यसै गरी मध्यममा ४ जना अर्थात् ४० प्रतिशत, निम्नमा ४ जना अर्थात् ४० प्रतिशत, न्यूनतममा २ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यसरी अत्युत्तम र उत्तममा कुनै पनि

विद्यार्थी नपर्नु ,निम्न र न्यूनतममा धेरै विद्यार्थीहरू पर्नु बाट सेन्टपोल ईं स्कुलका विद्यार्थीहरूमा अभिव्यक्ति शैलीगत क्षमता निकै कमजोर रहेको पाइन्छ । यसर्थ उनीहरूको अभिव्यक्ति शैलीगत क्षमतामा अभिवृद्धि गर्न पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. ४७**

**लेख्य चिह्न प्रयोग**

| **स्तर** | **अत्युत्तम** | **उत्तम** | **मध्यम** | **निम्न** | **न्यूनतम** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | ३ | ५ | २ | - | - | १० | |
| प्रतिशत | ३० | ५० | २० | - | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता स्तरलाई हेर्दा निम्न र न्यूनतममा कुनै पनि विद्यार्थी नरहेको पाइन्छ । त्यसै गरी अत्युत्तममा ३ जना अर्थात् ३० प्रतिशत, उत्तममा ५ जना अर्थात् ५० प्रतिशत, मध्यममा २ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । अत्युत्तम र उत्तममा धेरै विद्यार्थीहरू पर्नुबाट विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता उच्चस्तरको नै देखिन्छ ।

**तालिका नं. ४८**

**शृङ्खलावद्धता**

| **स्तर** | **अत्युत्तम** | **उत्तम** | **मध्यम** | **निम्न** | **न्यूनतम** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ६ | ३ | १ | १० | |
| प्रतिशत | - | - | ६० | ३० | १० | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शृङ्खलावद्धता क्षमता स्तरलाई हेर्दा अत्युत्तम र उत्तममा कूनै पनि विद्यार्थी परेको पाइँदैन। मध्यममा ६ जना अर्थात् ६० प्रतिशत, निम्नमा ३ जना अर्थात् ३० प्रतिशत, न्यूनतममा १ जना अर्थात् १० प्रतिश, विद्यार्थीहरू रहेको पाइन्छ । यसरी निम्न र न्यूनतममा बढी विद्यार्थी रहेकोले उक्त

विद्यार्थीहरूको शृङ्खलावद्धता क्षमतामा अभिवृद्धि गर्न पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

### ४.१.७ **गोल्डेन फ्युचर मा.वि मा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन विश्लेषण**

**तालिका नं. ४९**

**वाक्यगठन**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | ४ | ३ | ३ | - | १० | |
| प्रतिशत | - | ४० | ३० | ३० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको वाक्यगठनगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम र न्यूनत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन। त्यसै गरी उत्तममा ४ जना अर्थात् ४० प्रतिशत, मध्यममा ३ जना अर्थात् ३० प्रतिशत, निम्नमा ३ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । वाक्यगठनगत यस परिणामलाई हेर्दा उत्तम र मध्यमम स्तरको क्षमता धेरै विद्यार्थीहरूले प्राप्त गर्नुले गोडेन फ्युचर मा.वि. का विद्यार्थीहरूको वाक्यगठनगत क्षमता स्तर सन्तोषजनक नै रहेको पाइन्छ ।

**तालिका नं. ५०**

**वर्ण- विन्यास**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | ३ | ६ | - | - | १० | |
| प्रतिशत | १० | ३० | ६० | - | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूका वर्ण-विन्यासगत क्षमता स्तरलाई हेर्दा अत्युत्तममा १ जना अर्थात् १० प्रतिशत, उत्तममा ३ जना अर्थात् ३० प्रतिशत, मध्यममा ६ जना अर्थात् ६० प्रतिशत र निम्न तथा न्यूनमा कुनै पनि विद्यार्थी नरहेको

पाइन्छ । अत्युत्तममा र उत्तममा गरी ४० प्रतिशत विद्यार्थी पर्नुबाट विद्यालयमा अझ अभ्यास गरी क्षमता स्तर बढाउनु पर्ने देखिन्छ र अरु विद्यालयको तुलनामा राम्रो नै देखिन्छ ।

## तालिका नं. ५१

## शब्द छनोट तथा प्रयोग

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | १ | २ | ५ | २ | - | १० | |
| प्रतिशत | १० | २० | ५० | २० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शब्द छनोट तथा प्रयोगगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम १ जना अर्थात् १० प्रतिशत, उत्तममा २ जना अर्थात् २० प्रतिशत, मध्यममा ५ जना अर्थात् ५० प्रतिशत, निम्नमा २ जना २० प्रतिशत विद्यार्थीहरू रहेको छन् । त्यसै गरी न्यूनतममा कुनै पनि विद्यार्थी नरहेको पाइन्छ । शब्द छनोट तथा प्रयोगगत यस परिणामलाई हेर्दा मध्यम स्तरको क्षमता अत्यधिक विद्यार्थीहरूले प्राप्त गर्नुले गोल्डेन फ्युचरको विद्यार्थीहरूमा शब्द छनोट र प्रयोगगत क्षमता औसतमा मध्यम स्तरको रहेको पाइन्छ । अतः उनीहरूको शब्द छनोट र प्रयोगगत क्षमता स्तरमा अभिवृद्धि गर्न पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको पाइन्छ ।

## तालिका नं. ५२

## अभिव्यक्ति शैली

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | १ | ७ | २ | - | १० | |
| प्रतिशत | - | १० | ७० | २० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको अभिव्यक्ति शैलीगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम र न्यूनतममा कुनै पनि विद्यार्थी रहेको पाइँदैन । त्यसै गरी उत्तममा १ जना अर्थात् १० प्रतिशत, मध्यममा ७ जना अर्थात् ७० प्रतिशत, निम्नमा २ जना अर्थात्

२० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यसरी अत्युत्तममा र न्यूनतममा कुनै पनि विद्यार्थी नपर्नु, मध्यम स्तरमा धेरै विद्यार्थी पर्नुबाट गोल्डेन फ्युचर मा.वि. का विद्यार्थीहरूमा अभिव्यक्ति शैलीगत क्षमता स्तरमा अभिवृद्धि गर्न पर्याप्त मात्रामा अभ्यासको आवश्यकता रहेको देखिन्छ ।

**तालिका नं. ५३**

**मानक भाषाको प्रयोग**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | ५ | ४ | १ | - | १० | |
| प्रतिशत | - | ५० | ४० | १० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको मानक भाषाको प्रयोगगत क्षमता स्तरलाई हेर्दा अत्युत्तम र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी उत्तममा ५ जना अर्थात् ५० प्रतिशत मध्यममा ४ जना अर्थात् ४० प्रतिशत,निम्नमा १ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यसरी उत्तम र मध्यम स्तरको क्षमता अत्यधिक विद्यार्थीहरूले प्राप्त गर्नुले यस स्कुलका विद्यार्थीहरूको मानक भाषाको प्रयोगगत क्षमता स्तर सन्तोषजनक नै रहेको पाइन्छ ।

**तालिका नं. ५४**

**लेख्य चिह्न प्रयोग**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | २ | ३ | ५ | - | - | १० | |
| प्रतिशत | २० | ३० | ५० | - | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोग क्षमता स्तरलाई हेर्दा अत्युत्तम २ जना अर्थात् २० प्रतिशत, उत्तममा ३ जना अर्थात् ३० प्रतिशत, मध्यममा ५ जना अर्थात् ५० प्रतिशत र निम्न र न्यूनतममा कुनै पनि विद्यार्थी रहेको पाइँदैन। लेख्य चिह्न प्रयोगगत क्षमता स्तर आशाजनक नै देखिन्छ ।

**तालिका नं. ५५**

**शृङ्खलावद्धता**

| स्तर | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विद्यार्थी संख्या | - | - | ३ | ७ | - | १० | |
| प्रतिशत | - | - | ३० | ७० | - | १०० | |

माथि उल्लिखित तालिकाको आधारमा विद्यार्थीहरूको शृङ्खलावद्धता क्षमता स्तरलाई हेर्दा अत्युत्तममा र उत्तममा कुनै पनि विद्यार्थी रहेको पाइँदैन । मध्यममा ३ जना अर्थात् ३० प्रतिशत, निम्नमा ६ जना अर्थात् ७० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । यसरी शृङ्खलावद्धता क्षमता स्तरलाई हेर्दा नवलपुर एकेडेमी स्कुलका विद्यार्थीहरूको क्षमता स्तर अपेक्षाकृतभन्दा धेरै नै तल भएको देखिन्छ । यसर्थ बढीभन्दा बढी अभ्यासात्मक कार्यकलापको आवश्यकता देखिन्छ ।

माथिको तालिका र विश्लेषणका आधारमा प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूमध्ये परीक्षणीय पक्षहरूमा देखाएको क्षमता स्तरलाई हेर्दा वाक्यगठन क्षमता जनता मा.वि. का विद्यार्थीहरूको क्षमता स्तर अन्य विद्यालयकाभन्दा राम्रो देखिएको छ । वर्ण- विन्यासमा सिद्धार्थ ई.वोडिङ स्कुल अन्य विद्यालयकोभन्दा राम्रो रहेको देखिएको छ। त्यसै गरी अभिव्यक्ति शैली क्षमता स्तरलाई हेर्दा सनसाइन र सिद्धार्थ ई.बोडिङ स्कुल अरु विद्यालयको तुलनामा राम्रो रहेको देखिन्छ । त्यसै गरी शब्द छनोट तथा प्रयोग क्षमता स्तरलाई हेर्दा सिद्धार्थ ई.बोडिङ विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर उत्कृष्ट देखिएको छ । त्यसै गरी मानक भाषाको प्रयोग जनता मा.वि. का विद्यार्थीहरू नै पहिलो स्थानमा रहेको देखिन्छन् । त्यसै गरी लेख्य चिह्नको प्रयोगगत क्षमता स्तर सिद्धार्थ ई.बोडिङ स्कुलका विद्यार्थीको राम्रो रहेको देखिन्छ । त्यसै गरी शुङ्खलावद्धता क्षमता स्तरको सनसाइन स्कुलका विद्यार्थीहरू अरु विद्यालयको तुलनामा राम्रो देखिन्छ ।

लिखित अभिव्यक्तिका परीक्षणीय पक्षहरूमा उपर्युक्त विद्यालयका विद्यार्थीहरूले राम्रो स्तरको नतिजा देखाउन सकेको भए तापनि समग्र प्रत्येक विद्यालयका विद्यार्थीहरूको क्षमता स्तरलाई मनन गर्दा बहुसङ्ख्यक विद्यालयका विद्यार्थीहरूले निम्न स्तरको क्षमता देखाएकाले उनीहर क्षमता स्तर कमजोर नै रहको देखिन्छ ।

### ४.१.८ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको तुलनात्मक अध्ययन – विश्लेषण

| क.स. | परीक्षणीय | अत्युत्तम | | | | उत्तम | | | | मध्यम | | | | निम्न | | | | न्यूनत्तम | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | | सामुदायिक | | संस्थागत | |
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १ | वाक्यगठन | २ | ४ | १ | २ | ४ | ८ | ९ | १८ | २५ | ५० | १८ | ३६ | ८ | १६ | १० | २० | १ | २ | १ | २ |
| २ | वर्ण- विन्यास | - | - | १ | २ | ६ | १२ | १३ | २६ | २१ | ४२ | १७ | ३४ | ४ | ८ | ८ | १६ | ९ | १८ | १ | २ |
| ३ | शब्द छनोट तथा प्रयोग | - | - | २ | ४ | ३ | ६ | १३ | २६ | २३ | ४६ | १२ | २४ | ९ | १८ | ११ | २२ | ५ | १० | २ | ४ |
| ४ | अभिव्यक्ति शैली/प्रस्तुति | - | - | २ | ४ | ४ | ८ | ७ | १४ | १७ | ३४ | १८ | ३६ | १७ | ३४ | ७ | १४ | २ | ४ | ६ | १२ |
| ५ | मानक भाषााको प्रयोग | - | - | २ | ४ | ९ | १८ | १८ | ३६ | २१ | ४२ | १८ | ३६ | ७ | १४ | ४ | ८ | १ | २ | - | - |
| ६ | लेख्यचिह्न प्रयोग | ५ | १० | १० | २० | १२ | २४ | १३ | २६ | १६ | ३२ | १७ | ३४ | ७ | १४ | - | - | - | - | - | - |
| ७ | शृङ्खलावद्धता | - | - | - | - | ३ | ६ | २ | ४ | १५ | ३० | १५ | ३० | १७ | ३४ | १९ | ३८ | ५ | १० | ४ | ८ |
| जम्मा | वि.स. | ७ | - | १८ | - | ४१ | | ७५ | | १३८ | | ११५ | | ६९ | | ५९ | | २३ | | १५ | |
| जम्मा | प्रतिशत | २.५२ | | ६.४१ | | १४.७५ | | २६.६९ | | ४९.६४ | | ४०.९३ | | २४.८२ | | २०.९९ | | ८.२७ | | ४.९८ | |

**क) वाक्यगठन**

माथि उल्लिखित तालिकाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको वाक्यगठन अभिव्यक्ति क्षमताको तुलनात्मक रूपमा उल्लेख गरिएको छ । जसमा ४ ओटा सामुदायिक विद्यालयका ४० जना विद्यार्थीहरूमध्ये २ जना अर्थात् ४ प्रतिशत अत्युत्तम, ४ जना अर्थात् ८ प्रतिशत उत्तम, २५ जना अर्थात् ५० प्रतिशत मध्यम, ८ जना निम्न अर्थात् १६ प्रतिशत, १ जना अर्थात् २ प्रतिशतले न्यूनतम प्राप्त गरेका छन् । त्यसै गरी ४ वटा संस्थागत विद्यालयका ४० जना विद्यार्थीहरूमध्ये ३ जना अर्थात् ६ प्रतिशत अत्युत्तम, ९ जना अर्थात् १८ प्रतिशत उत्तम, १८ जना अर्थात् ३६ प्रतिशतले मध्यम, १० जना अर्थात् २० प्रतिशतले निम्न, २ जना अर्थात् ४ प्रतिशतले न्यूनतम प्राप्त गरेको छन् ।

वाक्यगठनगत परिणामलाई तुलनात्मक रूपमा हेर्दा केही मात्रामा सामुदायिक विद्यालयकोभन्दा संस्थागत विद्यालयको स्तर राम्रो रहेको पाइन्छ । यसरी समग्रमा विद्यालयहरूको क्षमता स्तर सन्तोषजनक नै रहेको पाइन्छ ।

**ख) वर्ण- विन्यास**

माथिको तालिकाको आधारमा सामुदायिक र संस्थागत विद्यालयको वर्ण-विन्यासगत क्षमताको तुलनात्मक उल्लेख गरिएको छ । जसमा ४ वटा सामुदायिक विद्यालयको ४० जना विद्यार्थीहरूमध्ये अत्युत्तम क्षमता स्तर कुनै पनि विद्यार्थीहरूले प्राप्त गरेको पाइँदैन । त्यसै गरी ६ जना अर्थात् १२ प्रतिशत उत्तम, २१ जना अर्थात् ४२ प्रतिशत मध्ये ४ जना अर्थात् ८ प्रतिशत निम्न तथा ९ जना अर्थात् १८ प्रतिशतले न्यूनतम स्तर प्राप्त गरेको पाइन्छ । त्यसै गरी ४ वटा संस्थागत विद्यालयका ४० जना विद्यार्थीहरू मध्ये अत्युत्तममा १ जना अर्थात् २ प्रतिशत, १३ जना उत्तम अर्थात् २६ प्रतिशत, १७ जना मध्यम अर्थात् ३४ प्रतिशत, ८ जना निम्न अर्थात् १६ प्रतिशत र न्यूनतमा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन ।

वर्ण- विन्यासगत परिणामलाई हेर्दा तुलनात्मक रूपमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको क्षमता स्तर राम्रो रहेको पाइन्छ। समग्रमा विद्यालयहरूको क्षमता मध्यम स्तरको नै रहेको मान्न सकिन्छ ।

### ग) शब्द छनोट तथा प्रयोग

माथिको तालिकाको आधारमा सामुदायिक र संस्थागत विद्यालयको शब्द छनोट तथा प्रयोगत क्षमताको तुलनात्मक उल्लेख गरिएको छ । जसमा ४ वटा सामुदायिक विद्यालयका ४० जना विद्यार्थीहरूमध्ये अत्युत्तम क्षमता स्तर कुनै पनि विद्यार्थीहरूले प्राप्त गरेको पाइँदैन । त्यसै गरी ३ जना अर्थात् ६ प्रतिशत उत्तम २३ जना अर्थात् ४६ प्रतिशत मध्यम, ९ जना अर्थात् १८ प्रतिशत निम्न ५ जना अर्थात् १० प्रतिशत न्यूनतम स्तर प्राप्त गरेको पाइन्छ । त्यसै गरी ४ ओटा संस्थागत विद्यालयका ४० विद्यार्थीहरूमध्ये २ जना अर्थात् ४ प्रतिशत अत्युत्तम, १३ जना अर्थात् २६ प्रतिशत उत्तम, १२ जना अर्थात् २४ प्रतिशत मध्यम, ११ जना अर्थात् २२ प्रतिशत निम्न र २ जना अर्थात् ४ प्रतिशत न्यूनतम क्षमता स्तर रहेको पाइन्छ । शब्द छनोट तथा प्रयोगगत क्षमता स्तरलाई तुलनात्मक रूपमा हेर्दा सामुदायिक विद्यालयको विद्यार्थीहरू अत्युत्तममा शून्य रहेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूमा अत्युत्तमम २ जना अर्थात् ४ प्रतिशत रहेको पाइन्छ । यसरी सामादायिक विद्यालयभन्दा संस्थागत विद्यालयको स्तर क्षमता राम्रो रहेको पाइन्छ ।

### घ) अभिव्यक्ति शैली

माथिको तालिकाको आधारमा सामुदायिक र संस्थागत विद्यालयको अभिव्यक्ति शैलीगत क्षमताको तुलनात्मक उल्लेख गरिएको छ । जसमा ४ वटा सामुदायिक विद्यालयका ४० जना विद्यार्थीहरूमध्ये अत्युत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । त्यसै गरी ४ जना अर्थात् ८ प्रतिशत उत्तम, १७ जना अर्थात् ३४ प्रतिशत मध्यम १७ जना अर्थात् ३४ प्रतिशत निम्न र १ जना अर्थात् २ प्रतिशत न्यूनतम क्षमता स्तरका विद्यार्थीहरू रहेको पाइन्छ । त्यसै गरी ४ वटा सामुदायिक विद्यालयका ४० जना विद्यार्थीहरूमध्ये २ जना अर्थात् ४ प्रतिशत अत्युत्तम७ जना अर्थात्, १४ प्रतिशत उत्तम, १८ जना अर्थात् ३६ प्रतिशत मध्यम, ७ जना अर्थात् १४ प्रतिशत निम्न , ६ जना अर्थात् १२ प्रतिशत न्यूनतम क्षमता स्तर विद्यार्थी रहेको पाइन्छ ।

अभिव्यक्ति शैलीको यस परिणामलाई तुलनात्मक रूपमा हेर्दा अत्युत्तममा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर २ जना अर्थात् ४ प्रतिशत अत्युत्तम, ७ जना अर्थात् १४ प्रतिशत उत्तम रहेको पाइन्छ । अतः यस आधारमा सामुदायिक विद्यालयको तुलनामा

संस्थागत विद्यालयको क्षमता स्तर निकै राम्रो रहेको पाइन्छ । समग्रमा सम्पूर्ण विद्यालयहरूको क्षमता मध्यम स्तरको नै रहेको पाइन्छ ।

**ङ) मानक भाषाको प्रयोग**

माथिको तालिकाको सामुदायिक र संस्थागत विद्यालयको मानक भाषाको प्रयोगगत क्षमताको तुलनात्मक उल्लेख गरिएको छ । जसमा ४ वटा सामुदायिक विद्यालयका ४० जना विद्यार्थीहरू अत्युत्तममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन त्यसै गरी ९ जना अर्थात् १८ प्रतिशत उत्तम २१ जना अर्थात् ४२ प्रतिशत मध्यम, ७ जना अर्थात् १४ प्रतिशत निम्न, १ जना अर्थात् २ प्रतिशत न्यूनतम स्तर प्राप्त गरेको पाइन्छ । त्यसै गरी ४ वटा संस्थागत विद्यालयका ४० जना विद्यार्थीहरू मध्ये १ जना अर्थात् २ प्रतिशत अत्युत्तम, १८ जना अर्थात् ३६ प्रतिशत उत्तम, १८ जना अर्थात् ३६ प्रतिशत मध्यम, ४ जना अर्थात् ८ प्रतिशत निम्न र न्यूनतममा कुनै पनि विद्यार्थी रहेको पाइँदैन ।

मानक भाषाको यस परिणामलाई तुलनात्मक रूपमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर २ प्रतिशत अत्युत्तममा रहेको पाइन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर शून्य रहेको पाइन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर १८ जना अर्थात् ३६ प्रतिशत उत्तम रहेको पाइन्छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमतास्तरमा ९ जना अर्थात् १८ प्रतिशत उत्तम रहेको पाइन्छ ।

अतः यस अर्थमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको क्षमता स्तर धेरै राम्रो देखिन्छ ।

**च) लेख्य चिह्न प्रयोग**

माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालयको लेख्य चिह्न प्रयोगगत क्षमताको तुलनात्मक उल्लेख गरिएको छ । जसमा ४ वटा सामुदायिक विद्यालयका ४० जना विद्यार्थीहरूमध्ये ५ जना अर्थात् १० प्रतिशत, अत्युत्तम, १२ जना अर्थात् २४ प्रतिशत उत्तम, १६ जना अर्थात् ३२ प्रतिशत मध्यम ७ जना अर्थात् १४ प्रतिशत निम्न र न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन । यसै गरी ४ वटा संस्थागत विद्यालयका ४० जना

विद्यार्थीहरूमध्ये १० जना अर्थात् २० प्रतिशत अत्युत्तम, १३ जना अर्थात् २६ प्रतिशत उत्तम, १७ जना अर्थात् ३४ प्रतिशत मध्यम र निम्न तथा न्यूनतममा कुनै पनि विद्यार्थीहरू रहेको पाइँदैन ।

लेख्य चिह्न प्रयोगगत क्षमता स्तरमा सामुदायिक विद्यालयको अत्युत्तममा १० प्रतिशत संस्थागत विद्यालयमा १० जना अर्थात् २० प्रतिशत तथा सामुदायिक विद्यालयका १२ जना अर्थात् २४ प्रतिशत उत्तम र संस्थागत तर्फ १३ जना अर्थात् २६ प्रतिशत उत्तम रहेको पाइन्छ । अतः यस आधारमा सामुदायिक विद्यालय र संस्थागत विद्यालय दुबै सन्तोषजनक नै देखिन्छ ।

**छ) शृङ्खलावद्धता**

माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालयको शृङ्खलावद्धतागत क्षमताको तुलनात्मक उल्लेख गरिएको छ । जसमा ४ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर शून्य देखिन्छ । यसै गरी ३ जना अर्थात् ६ प्रतिशत उत्तम, १५ जना अर्थात् ३० प्रतिशत मध्यम, १७ जना अर्थात् ३४ प्रतिशत निम्न, ५ जना अर्थात् १० प्रतिशत न्यूनतम क्षमता स्तर रहेको पाइन्छ । त्यसैगरी ४ वटा संस्थागत विद्यालयका ४० जना विद्यार्थीहरू मध्ये अत्युत्तममा कुनै पनि विद्यार्थी नरहेको पाइन्छ भने २ जना अर्थात् ४ प्रतिशत उत्तम, १५ जना अर्थात् ३० प्रतिशत मध्यम, १९ जना अर्थात् ३८ प्रतिशत निम्न, ४ जना अर्थात् ८ प्रतिशत न्यून क्षमता स्तर विद्यार्थीहरू रहेको पाइन्छ ।

शृङ्खलावद्धतागत यस परिणामलाई हेर्दा अत्युत्तममा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर शून्य देखिन्छ त्यसै गरी उत्तममा सामुदायिक विद्यालयका ३ जना अर्थात् ६ प्रतिशतले उत्तममा सामुदायिक विद्यालयका ३ जना अर्थात् ६ प्रतिशतले उत्तम स्तर प्राप्त गरेको पाइन्छ भने संस्थागत तर्फ २ जना अर्थात् ४ प्रतिशतले उत्तम स्तर प्राप्त गरेको छ । समग्रमा विद्यालयहरूको क्षमता मध्य स्तरको नै रहेको मान्न सकिन्छ ।

## ४.२ सारांश

प्रस्तुत अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयको लिखित अभिव्यक्तिका क्रममा उक्त विद्यालयका विद्यार्थीहरूले देखाएका क्षमता स्तरलाई तुलनात्मक रूपमा अध्ययन गरिएको छ । माथिको तालिकाका अनुसार अत्युत्तम श्रेणीमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर राम्रो रहेको पाइन्छ । त्यसै गरी उत्तम श्रेणीमा पनि संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर राम्रो रहेको पाइन्छ । त्यसै गरी मध्यम, निम्न र न्यूनतम श्रेणीमा भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर उच्च रहेको पाइन्छ । अन्त्यमा माथिका सबै परीक्षणीय पक्षहरूमा लिखित अभिव्यक्ति क्षमताको स्तर सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको राम्रो रहेको पाइएपनि समग्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्याथीहरूको लेखन अभिव्यक्ति क्षमता कमजोर नै रहेको पाइन्छ । यसर्थ सम्पूर्ण विद्यालयक विद्यार्थीहरूको लेखन क्षमता स्तरलाई अत्युत्तम र उत्तममा पुऱ्याउन पर्याप्त मात्रामा अभ्यासका साथै विभिन्न रचनात्मक तथा सिर्जनात्मक क्रियाकलापमा विद्यार्थीहरूलाई सहभागी गराउनु पर्ने देखिन्छ ।

**तालिका नं. ५८**

**समग्र विद्यार्थीहरूका आधारमा लिखित अभिव्यक्ति क्षमताको अध्ययन**

| क.स. | परीक्षणीय पक्ष | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | वि.स.% | वि.स.% | वि.स.% | वि.स.% | वि.स.% | |
| १ | वाक्यगठन | ३/३ | १३/१३ | ४३/४३ | १८/१८ | ३/३ | ८०/८० |
| २ | वर्ण- विन्यास | १/१ | १९/१९ | ३८/३८ | १२०/१२० | १०/१० | ८०/८० |
| ३ | शब्द छनोट तथा प्रयोग | २/२ | १६/१६ | ३५/३५ | २०/२० | ७/७ | ८०/८० |
| ४ | अभिव्यक्ति शैली | २/२ | ११/११ | ३५/३५ | २४/२४ | ८/८ | ८०/८० |
| ५ | मानक भाषाको प्रयोग | २/२ | १७/२७ | ३९/३९ | ११/११ | १/१ | ८०/८० |
| ६ | लेख्य चिह्न प्रयोग | १५/१५ | २५/२५ | ३३/३३ | ७/७ | -/- | ८०/८० |
| ७. | शृङ्खलावद्धता | - | ५/५ | ३०/३० | ३६/३६ | ९/९ | ८०/८० |
| | जम्मा वि.स. | २५/२५ | ११६/११६ | २५३/२५३ | १२८/१२८ | ३८/३८ | ५६०/५६० |
| | प्रतिशत | ४.४६ | २०.७१ | ४५.१८ | २२.८६ | ६.७९ | १०० |

माथि तालिकाको आधारमा विद्यार्थीहरूको वाक्यगठनगत क्षमता स्तरलाई हेर्दा ८० विद्यार्थीहरूमध्ये अत्युत्तममा ३ जना अर्थात् ३ प्रतिशत, उत्तममा १३ जना अर्थात् १३ प्रतिशत , मध्यममा ४३ जना अर्थात् ४३ प्रतिशत् , निम्नमा १८ जना अर्थात् १८ प्रतिशत, न्यूनतममा ३ जना अर्थात् ३ प्रतिशत विद्यार्थीहरू रहेको छन् । यस परिणामका आधारमा के भन्न सकिन्छ भने नवलपरासी जिल्लाका कक्षा १० मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता स्तर सन्तोषजनक नै रहेको पाइन्छ ।

माथि तालिकाको आधारमा विद्यार्थीहरूको वर्ण- विन्यासगत क्षमता लाई हेर्दा अत्युत्तममा १ जना अर्थात् १ प्रतिशत, उत्तममा १९ जना अर्थात् १९ प्रतिशत, मध्यममा ३८ जना अर्थात् ३८ प्रतिशत निम्नमा १२ जना अर्थात् १२ प्रतिशत न्यूनतममा १० जना अर्थात् १० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । त्यसै गरी ८० जना विद्यार्थीहरू मध्ये अत्युत्तममा

१ जना अर्थात् १ प्रतिशत पर्नु र उत्तममा १९ जना मात्र पर्नुले विद्यार्थीहरूको सङ्ख्या सकारात्मक स्तरमाभन्दा नकारात्मक स्तरमा अधिक रहेकोले उक्त विद्यार्थीहरूको वाक्यगठन क्षमता स्तर कमजोर रहेको पाइन्छ ।

माथिको तालिकाको आधारमा विद्यार्थीहरूको शब्द छनोट तथा प्रयोगगत क्षमता स्तरलाई हेर्दा ८० जना विद्यार्थीहरू मध्ये २ जना अर्थात् २ प्रतिशत अत्युत्तम, १६ जना अर्थात् १६ प्रतिशत उत्तम, ३५ जना अर्थात् ३५ प्रतिशत मध्यम, निम्नमा २० जना अर्थात् २० प्रतिशत न्यूनतममा ७ जना अर्थात् ७ प्रतिशत क्षमता स्तर भएका विद्यार्थीहरू रहेको पाइन्छ । यस परिणामका आधारमा के भन्न सकिन्छ भने नवलपरासी जिल्लाका कक्षा १० मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको शब्द छनोट तथा प्रयोगगत क्षमता मध्यम स्तरको रहेको पाइन्छ । यसर्थ उनीहरूलाई पर्याप्त अभ्यासात्मक कार्यकलाप गराउनुका साथै उक्त पक्षमा सजग गराई क्षमता स्तर अभिवृद्धि गराउनुपर्ने देखिन्छ ।

## ४.३ लेखन अभिव्यक्तिका कमजोरीहरू

नवलपरासी जिल्लाका थारू मातृभाषी विद्यार्थीहरूले लेखन क्रममा लेखन अभिव्यक्तिका परीक्षणीय पक्षहरूमा अत्यधिक मात्रामा त्रुटि गरेको पाइन्छ । जुन निम्नानुसार छन् ।

क) अभिव्यक्तिलाई पूर्णता दिने काम वाक्यले गर्ने हुनाले वाक्यलाई भाषाको सबैभन्दा महत्त्वपूर्ण क्षेत्र मानिन्छ । नवलपरासी जिल्लाका थारू मातृभाषी विद्यार्थीहरूले लेखनका क्रममा पर्याप्त मात्रामा  वाक्यगठनगत त्रुटिहरू गरेको पाइन्छ । जसमा त्यसै गरी लिङ्ग , वचन, पुरुष ,आदर आदिको संयोजन यथोचित रूपमा नगरेको पाइनुका साथै काल, पक्ष, भाव आदिलाई सन्दर्भ अनुसार प्रयोग नगरी वाक्यगतगठन गरिएको पाइन्छ ।

### ख) वर्ण- विन्यासगत कमजोरीहरू

लेख्य भाषालाई शुद्ध, स्पष्ट र प्रभावकारी बनाउने काममा वर्ण-विन्यासको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसै गरी भाषिक सम्प्रेषणलाई प्रभावकारी रूपमा उचाइ थप्ने काम पनि वर्णविन्यासले गर्दछ । लेखन अभिव्यक्तिका क्रममा थारू मातृभाषी विद्यार्थीहरूले

वर्णविन्यासगत त्रुटिहरू पनि प्रशस्त मात्रामा गरेको पाइन्छ । जस अन्तर्गत ह्रस्व, दीर्घ, पदयोग, पदवियोग य/ए, त/ट, श/ष/स जस्ता त्रुटि गरेको पाइन्छ ।

**ग) शब्द छनोट तथा प्रयोगगत कमजोरीहरू**

विद्यार्थीहरूको भाषिक क्षमता उसले आफ्ना अभिव्यक्तिमा प्रयोग गरेको शब्दको उपयुक्तता र स्तरीयतालाई प्रदर्शित भइरहेको हुन्छ । थारू भाषी विद्यार्थीहरूले लेखन अभिव्यक्तिका कममा प्रसङ्ग अनुसार शब्द छनोट र प्रयोग नगरेको पाइन्छ । त्यसै गरी उक्त विद्यार्थीहरूमा पर्याप्त मात्रामा पर्यायवाची , विपरीतार्थी पारिभाषिक जस्ता शब्दहरूको शब्द भण्डार नरहेको पाइयो ।

**घ) अभिव्यक्ति शैलीगत कमजोरीहरू**

थारू मातृभाषी विद्यार्थीहरूले लेखन अभिव्यक्तिका कममा वाक्यगठन र शब्द प्रयोगमा पर्याप्त मात्रामा असङ्गति गरेको पाइन्छ । त्यसै गरी विषयवस्तुको प्रकटीकरण गर्दा उपयुक्त शब्द, वाक्यको निर्माण, भाव प्रस्तुति , व्याकरणिक, उपयुक्तता, पर्याप्तता र सान्दर्भिकता जस्ता पक्ष र शुद्धता , स्पष्टता, सिलसिलाबद्धता जस्ता प्राविधिक पक्षहरूको उचित संयोजन नगरेको पाइन्छ ।

**ङ) मानक भाषाको प्रयोगगत कमजोरीहरू**

लेखनमा विचलन कम गर्न र एकरूपता कायम गर्न मानक भाषाको शिक्षण सिकाइमा जोड दिनु आवश्यक हुन्छ । अधिकांश थारू भाषी विद्यार्थीहरूले लेखन अभिव्यक्तिगत कममा मानक भाषाको प्रयोग नगरी कतिपय ठाउँमा मातृभाषी शब्दहरू प्रयोग गरेको पाइन्छ ।

## ४.४ लेखन क्षमता अभिवृद्धिका उपायहरू

दोस्रो भाषी विद्यार्थीहरूले नेपाली भाषा प्रयोगमा धेरै किसिमका त्रुटिहरू गर्छन् । यसरी भाषामा हुने त्रुटिका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनु आवश्यक हुन्छ । प्रस्तुत अध्ययनमा कक्षा दशमा  थारू मातृभाषी विद्यार्थीहरूको लेखन अभिव्यक्ति क्षमतामा

देखापरेका त्रुटिहरूलाई कम गर्नुका साथै तिनको निराकरणको लागि केही सुझावहरू प्रस्तुत गरिएको छ ।

१. नवलपरासी जिल्लाका कक्षा दशमा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको लेखन क्षमता उत्तम नभएकोले यसको सुधारका लागि लेखन सिपका कार्यकलापमा निरन्तर अभ्यास गराउनु पर्ने देखिन्छ।

२. पाठ्यक्रमले लेखन सिपसम्बन्धी राखेका उद्देश्यहरू अनुसारको लेखन कार्यकलाप अनिवार्य रूपमा सञ्चालन गरिनु पर्दछ ।

३. थारू मातृभाषीहरूका लागि नेपाली भाषा दोस्रो भाषा भएकोले दोस्रो भाषा शिक्षणका सिद्धान्तहरूका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिनुपर्दछ ।

४. भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीहरूको उमेर, क्षेत्र, लिङ्ग, भाषिक पृष्ठभूमि तथा स्थानीयता जस्ता पक्षलाई ध्यानमा राखी विषयवस्तुको छनोट र स्तरण गर्नु पर्दछ ।

५. पाठ्यपुस्तकमा समावेश गरेका प्रत्येक पाठको अन्त्यमा अधिक मात्रामा लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरूलाई उचित स्थान दिनुपर्दछ । लेखन सिप विकासका लागि विभिन्न कक्षा तथा विद्यालयीय प्रतियोगिताहरूको आयोजना गर्नु पर्दछ ।

६. विभिन्न भाषाभाषी भएको कक्षा कोठामा समान किसिमको भाषिक वातावरण निर्माण गर्नु पर्दछ ।

७. कमजोर विद्यार्थीहरूका लागि उपचारात्मक वा निराकरणात्मक शिक्षण गर्नु पर्दछ ।

८. लेखन सिप विकासका लागि विभिन्न कक्षा तथा विद्यालयीय प्रतियोगिताहरूको आयोजना गर्नुपर्दछ ।

९. नेपाली विषयमा विशिष्टकरण गरेको तालिम प्राप्त शिक्षकद्वारा नै नेपाली विषय पढाउने परिपाटीको विकास गराउनु पर्दछ ।

१०. भाषा शिक्षकहरूका लागि पनि आवश्यक तालिम तथा पुनर्ताजकी तालिमको व्यवस्था गरिनु पर्दछ ।

११. लिखित अभिव्यक्ति क्षमता अभिवृद्धिका लागि विद्यार्थीहरूलाई विभिन्न किसिमका पत्रपत्रिका, लेखरचना तथा सहायक सामग्रीहरू पढ्ने बानी बसाल्नु पर्दछ जसले

गर्दा विद्यार्थीहरूमा विभिन्न विषयका शब्दभण्डारको विकास हुनुका साथै लेखनका शैली शिल्पको सुझ प्राप्त भई लेखनमा स्तरीयता आउँछ ।

१२. सरकारी काम कहिले जाला घाम भन्ने अल्छीपना प्रवृत्तिको अन्त्य गर्नु पर्दछ ।

१३. निरन्तर मूल्याङ्कनमा जोड दिनु पर्दछ ।

१४. मूल्याङ्कन प्रणालीमा विविधता अपनाउनु आवश्यक छ ।

निष्कर्षमा नवलपरासी जिल्लाका थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्दा उनीहरूले परीक्षणीय पक्षहरूमा मिश्रित क्षमता स्तर देखाएको पाइन्छ । उक्त अध्ययन अनुसार बहुसङ्ख्यक विद्यार्थीहरूले मध्यम र निम्न स्तर प्राप्त गरेका छन् । केही परीक्षणीय पक्षमा विद्यार्थीहरूले राम्रो स्तरको नतिजा प्राप्त गरे तापनि अधिकांश विद्यार्थीहरूले विभिन्न परीक्षणीय पक्षहरूमा नकारात्मक स्तर देखाएको पाइन्छ । उक्त तथ्यका आधारमा नवलपरासी जिल्लाका कक्षा दशमा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता कमजोर रहेको पाइन्छ । उक्त विद्यार्थीहरूको लेखन अभिव्यक्ति क्षमताको अभिवृद्धिका लागि लेखन अभिव्यक्तिका विभिन्न पक्षहरूमा सजक, सचेत गराई पर्याप्त मात्रामा अभ्यासात्मक क्रियाकलाप गराउनु पर्ने देखिन्छ ।

## अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

यस शोधकार्यको पहिलो अध्यायमा शोधपरिचय प्रस्तुत गरिएको छ जसमा पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता/औचित्य, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा रहेको छ । दोस्रो अध्यायमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय अन्तर्गत लिखित अभिव्यक्ति क्षमताको सामान्य परिचय, लिखित अभिव्यक्ति क्षमताको आवश्यकता, महत्त्व, कार्यकलाप र परीक्षणीय पक्षहरू प्रस्तुत गरिएको छ । अध्याय तीनमा अध्ययन विधि र अध्ययन प्रक्रिया प्रस्तुत गरिएको छ । अध्याय चारमा छलफल, परिणाम र विश्लेषण गरिएको छ । अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

भाषा मानव जीवनको अनिवार्य आवश्यकता हो । मानिस सामाजिक प्राणी भएकोले समाजभन्दा बाहिर रहेर ऊ जिउन सक्दैन । यसर्थ मानव, समाज र भाषा एक आपसमा अन्तर सम्बन्धित रहेको हुन्छन् । मानवीय विचार विनिमयको सबैभन्दा सजिलो र प्रभावकारी माध्यम भाषा हो ।

मानवले जीवन निर्वाह गर्ने क्रममाः विभिन्न प्रयोजन र आवश्यकताले आफ्नो मातृभाषाभन्दा भिन्न अरु भाषा सिक्नु पर्ने हुन्छ । पहिलो वा मातृभाषाको सिकाइका लागि जुन किसिमको सहज, प्राकृतिक, स्वतन्त्र र असीमित वातावरण सिकारुले प्राप्त गर्छ । दोस्रो वा विदेशी भाषाको सिकाइका लागि त्यस किसिमको वातावरण प्राप्त नहुन सक्छ । यद्यपि भाषा शिक्षण प्रक्रिया, विधि, सामग्री, पाठ्यक्रम, पाठ्यपुस्तक आदिमा ध्यान दिई सिकारुका रुचि, चाहना र स्तर अनुसार अघि बढेमा दोस्रो भाषा सिकाइलाई पनि धेरै हदसम्म सहज बनाउन सकिन्छ । मानव जीवनमा लेखन कलाको ठूलो महत्त्व रहेको हुन्छ । व्यावहारिक र व्यावसायिक दुवै दृष्टिले लेखाइ सिप वा लेखन कलाको विकास व्यक्तिमा हुनु अनिवार्य हुन्छ । भाषा सिकारुमा अन्य सिप जस्तै लेखाइ सिप अथवा उसको लिखित अभिव्यक्ति

क्षमताको विकास कुन गतिमा अघि बढि रहेको छ , उसका लिखित अभिव्यक्तिमा के कस्ता कमी कमजोरीहरू रहेको छन् । उक्त कमी कमजोरी हटाई लिखित अभिव्यक्ति क्षमताको अभिवृद्धि के कसरी गर्न सकिन्छ जस्ता विषयमा जानकारी प्राप्त गर्न भाषिक सिप मूल्याङ्कनका क्रममा सिकारुको लिखित अभिव्यक्ति क्षमताको पनि परीक्षण गर्नुपर्ने हुन्छ । अन्यथा भाषा शिक्षण निरर्थक सावित हुन जान्छ । यसै सन्दर्भमा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिकिरहेको नवलपरासी १० मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको स्तरीय नेपालीमा लिखित अभिव्यक्ति क्षमता के कस्तो छ ? कमी कमजोरीहरू के के छन् ? र ती कमी कमजोरी के कसरी न्यूनीकरण गर्दै लैजान सकिन्छ भन्ने समस्यामा आधारित रहेर प्रस्तुत अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययनमा नवलपरासी जिल्लाको सदरमुकाम परासी देखि करिब ३४ किलोमिटर पूर्वमा ८ वटा विद्यालयका कक्षा दशमा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको पहिचान र विश्लेषण गर्ने क्रममा विभिन्न परीक्षणीय पक्षहरूमा देखिएको विद्यार्थीहरूको क्षमतालाई विद्यालयको प्रकृति, परीक्षणीय पक्ष र समग्र विद्यार्थीहरूको आधारमा अत्युत्तम, उत्तम, मध्यम, निम्न र न्यूनतम श्रेणीमा वर्गीकरण गर्दै विभिन्न तालिका प्रस्तुत गरी व्याख्या गर्ने काम गरिएको छ । यसरी प्रस्तुत अध्ययन विश्लेषणबाट प्राप्त जानकारी र निष्कर्षलाई निम्न लिखित बुँदाहरूमा समेट्ने प्रयास गरिएको छ ।

१. विद्यालयको प्रकृतिगत आधारमा सबैभन्दा राम्रो क्षमता स्तर संस्थागत विद्यालय र सबैभन्दा कमजोर क्षमता स्तर सामुदायिक विद्यालयका विद्यार्थीहरू रहेको पाइन्छ ।
२. त्यसै गरी परीक्षणीय पक्षका आधारमा वाक्यगठन क्षमता जनता मा.वि.का विद्यार्थीहरूको तुलनामा राम्रो रहेको पाइन्छ ।
३. वर्ण-विन्यासगत पक्ष सिद्धार्थ ई.वोडिङ स्कुलका विद्यार्थीहरूको क्षमता स्तर अन्य विद्यालयको विद्यार्थीहरूको तुलनामा राम्रो रहेको पाइन्छ ।
४. सनसाइन र सिद्धार्थ ई.बोडिङ विद्यालयका विद्यार्थीहरूको क्षमता स्तर अन्य विद्यालयका विद्यार्थीहरूको तुलनामा केही राम्रो रहेको पाइन्छ ।

५. शब्द छनोट र प्रयोगत पक्ष सिद्धार्थ ई.बोडिङ सेकेन्डरी विद्यार्थीहरूके क्षमता स्तर अन्य विद्यालयका विद्यार्थीहरूको तुलनामा केही राम्रो रहेको पाइन्छ ।

६. चिह्न प्रयोगगत क्षमतास्तर सिद्धार्थ ई. बोडिङ सेकेन्डरीका विद्यार्थीहरको क्षमता स्तर राम्रो रहेको पाइन्छ ।

७. त्यसै गरी शृङ्खलावद्धता क्षमता स्तर सनसाइन स्कुलका विद्यार्थीहरूका क्षमता स्तर राम्रो रहेको पाइन्छ ।

८. समग्र आधारमा हेर्दा वाक्यगत क्षमता पक्षमा विद्यार्थीहरूको क्षमता स्तर सबैभन्दा राम्रो रहेको पाइन्छ भने वर्ण-विन्यासगत क्षमता स्तर सबैभन्दा कमजोर रहेको पाइन्छ ।

९. अन्य परीक्षणीय पक्षभन्दा मानक भाषाको प्रयोगगत क्षमता उत्तम रहेको पाइन्छ भने वाक्यगठनगत क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।

१०. वर्ण-विन्यास र अभिव्यक्ति शैलीगत क्षमता एकदमै नकारात्मक स्तरको देखिन्छ भने शब्द छनोट र प्रयोगगत क्षमता स्तर मध्यम स्तरको रहेको पाइन्छ ।

११. यसरी हेर्दा विद्यार्थीहरूले मिश्रित क्षमता स्तर प्रदर्शन गरेको पाइन्छ । यसर्थ थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता सन्तोषजनक छ भन्न सकिए तापनि राम्रो भन्ने स्थिति भने देखिँदैन ।

१२. थारू मातृभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमतामा अझै सुधारको खाँचो देखिन्छ । वर्ण-विन्यास, शब्द छनोट र प्रयोग, अभिव्यक्ति शैली जस्ता पक्षमा उनीहरूको क्षमता कमजोर रहेको देखिन्छ । यसबाट उनीहरूमा पर्याप्त अभ्यासको कमि रहेको कुरा थाहा हुन्छ ।

१३. अधिकांश विद्यार्थीहरूको एकैनासको उत्तर र रटेको भरमा लेखेको पाइन्छ ,यसका साथै एउटैले अर्काको सारेको पनि पाइएकोले यसबाट शिक्षण प्रक्रिका शिक्षक केन्द्रित र परम्परागत रहेकको कुरा बुझिन्छ ।

१४. सामुदायिक विद्यालयका अधिकांश विद्यार्थीहरूले समयमै सबै प्रश्नको उत्तर दिन नसकेको र कतिपयले प्रश्नले मागे जति उत्तर नदिएको यस आधारमा यो पुष्टि हुन्छ उक्त विद्यालय, शिक्षक र अभिभावकहरूमा बालबालिकाको पढाइप्रति त्यति चासो नरहेको ।

१५. अधिकांश विद्यार्थीहरूले पदयोग पदवियोग, ह्रस्वदीर्घ , य/ए/त/ट/श/ष/स जस्ता पक्षमा त्रुटि गरेको पाइन्छ । त्यसै गरी सन्दर्भ र प्रसङग अनुरूप उचित शब्दको छनोट तथा प्रयोग नगरेको पाइन्छ । यसबाट उनीहरूलाई प्रशस्त लेखन अभ्यास नगराइएको , उनीहरूका लिखित अभिव्यक्ति, गृहकार्य समय समयमा परीक्षण नगरी उक्त विद्यार्थीहरूका त्रुटिहरू नऔल्याइएको पाइन्छ ।

## ५.३ उपयोगिता

### ५.३.१ नीतिगत तह

१. प्रस्तुति अध्ययन थारू मातृभाषी विद्यार्थीहरूको क्षमताको अभिवृद्धिका लागि विभिन्न नीतीहरू निर्माण गर्न सम्बन्धित पक्षलाई मार्गनिर्देशन हुनेछ ।

२. विभिन्न मातृभाषी विद्यार्थीहरूलाई समेटेर पाठयक्रम निर्माण तथा आवश्यक विषयवस्तु छनोट गर्न पाठ्यक्रम निर्मातालाई सहयोग पुग्नेछ ।

३. पाठ्पुस्तकमा रहेका कमीकमजोरी पत्ता लगाई विभिन्न मातृभाषीहरूलाई सुहाउँदो र समय सान्दर्भिक विषयवस्तुको छनोट गर्न सम्बन्धित पक्षलाई उपयोगी हुनेछ ।

४. पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्री निर्माण कर्तालाई लेखन अभिव्यक्तिगत पर्याप्त अभ्यासहरू समावेश गराउनुपर्ने तर्फ सचेत गराउने छ ।

५. उस अध्ययनले कक्षा आठमा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूको लेखन क्षमता के कस्तो रहेछ भनि जिज्ञासा राख्ने जुन सुकैलाई जिज्ञासा पुरा गर्न उपयोगी हुनेछ ।

### ५.३.२ प्रयोगगत तह

१. प्रस्तुत अध्ययले कक्षा दशमा अध्यापन गराउने शिक्षक तथा विद्यार्थीहरूलाई सजकताका साथ अध्ययन गर्न गराउन उपयोगी सिद्ध हुनेछ ।

२. लेखन अभिव्यक्तिगत समस्या पहिचान गर्न र तिनको निराकरण गर्न सम्बन्धित पक्षलाई सहयोगी हुनेछ ।

३. शिक्षकलाई पेशागत रूपमा सक्षम बनाउन उपयोगी हुनेछ ।

४. लेखन सिपगत आधारभूत ज्ञान सिप ग्रहण गर्न तथा शिक्षक र विद्यार्थीलाई पृष्ठपोषण दिन उपयोगी हुनेछ ।

५. विद्यार्थीहरूको स्तर, क्षमता र आवश्यकता अनुसार विषयवस्तु शिक्षण सामग्री शिक्षण विधि छनोट गर्नमा प्रस्तुत अध्ययन उपयोगी हुने देखिन्छ ।

## ५.४ शैक्षणिक प्रयोजन

प्रस्तुत अध्ययनका शैक्षणिक प्रयोजनहरू निम्नानुसार छन् :-

१. लेखन सिपसम्बन्धि पाठ्यकमले राखेको उद्देश्यअनुसारको शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्न यस अध्ययनले सहयोग पुऱ्याउने छ ।

२. आधारभूत तहको पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूको मनोविज्ञानलाई ख्याल गरी पाठ्यपुस्तक निर्माण गर्न सहयोग गर्दछ ।

३. प्रस्तुत अध्ययनबाट दोस्रो भाषी विद्यार्थीहरूका लागि नेपाली भाषा पाठ्यक्रम निर्माण, परिष्कार र परिमार्जन गर्न सहयोग मिल्नेछ ।

४. विद्यार्थीहरूको रुचि, तह, स्तर, क्षमता, आवश्यकता अनुसारको शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्न सहयोग गर्नेछ ।

५. विद्यार्थीहरूको रहनसहन, भेषभूषा, भाषाशैली, रीती, संस्कृतिअनुसारको पाठुयक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न सहयोग पुग्नेछ ।

६. कक्षा कोठा व्यवस्थापनका लागि समन्वयात्मक किसिमको भाषिक वातावरण निर्माण गर्न सहयोग गर्ने छ ।

७. दोस्रो भाषा शिक्षणका विधि तथा पद्धतिहरूको खोज तथा त्यसको विकास गर्नमा पनि यसले थप मद्दत गर्नेछ ।

८. नेपाली भाषा शिक्षण गर्दा विषय शिक्षकलाई भाषिक सचेतना बारेमा थप सहयोग गर्नेछ ।

९. भाषा पाठ्यपुस्तकमा लेखाइ शिक्षणको अपरिहार्यतालाई देखाई लिखित अभिव्यक्ति क्षमता अभिवृद्धि गर्न सहयोग गर्नेछ ।

१०. कमजोर विद्यार्थीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक कदम चाल्न मार्ग निर्देशन गर्नेछ ।

११. लेखाइ क्षमताको मूल्याङ्कन गर्न सहयोग गर्नेछ ।

१२. भाषिक सिपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न भाषा अध्येतालाई सहयोग गर्नेछ ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५६), 'सामाजिक र प्रायोगिक भाषा विज्ञान', काठमाडौं : रत्नपुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०५६) , 'प्रयोगात्मक नेपाली शब्दकोश', काठमाडौं : विद्यार्थी प्रकाशन, प्रा.लि.।

गौतम, रामप्रसाद (२०६१), 'भाषिक अनुसन्धान', काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

जोशी, कुन्ती (२०६९), 'कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्ति (२०६९), 'नेपाली भाषा शिक्षण परिचय र प्रयोग', काठमाडौं : शुभकामना प्रकाशन ।

थापा,कौशिला (२०६९), 'सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

धमला, थर्क प्रसाद (२०६८), 'ललितपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

नेपाल सरकार (२०६९), 'आधारभूत शिक्षा पाठ्यक्रम' : सानेठिमी, भक्तपुर ।

पोखरेल, बालकृष्ण (२०३१), राष्ट्र भाषा', काठमडौ : साभा प्रकाशन ।

पोखरेल, केशवराज र अन्य (२०६९), 'नेपाली भाषा शिक्षण', काठमाडौं : क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

पौडेल, उत्तम (२०६५), 'सिन्धुली जिल्लाका कक्षा पाँचमा अध्ययनरत दनुवारी मातृभाषी विद्यार्थीको लिखित अभिव्यक्ति क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०६९), 'प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू ', काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

पौडेल, राजेन्द्रप्रसाद र सि.एन. पण्डित (२०६६), 'आधुनिक अनुसन्धान पद्धित', काठमाडौँ : प्रज्ञा पब्लिकेसन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), 'नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास', काठमाडौँ : तलेजु प्रकाशन ।

बराल, विमल(२०६५), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र रामनाथ ओझा (२०६८), 'भाषिक अनुसन्धान विधि', काठमाडौँ : पिनाकल पब्लिकेशन ।

भट्टराई, रामप्रसाद (२०६८), 'भाषिक अनुसन्धान विधि', काठमाडौँ : शुभकामना प्रकाशन ।

राय, शिवशंकर (२०७०), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, लक्ष्मी (२०७०), 'कक्षा दशमा अध्ययनरत विद्यार्थीहरमा लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश र अन्य (२०६९), 'सामान्य भाषाविज्ञान', काडमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, सीता (२०७०), 'गोरखा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६८), 'नेपाली भाषा र साहित्य शिक्षण', काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, रेनुका कुमारी (२०६९), 'पर्वत जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठ्ठीलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सिग्देल, निर्मला कुमारी (२०६७), 'तनहुँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट क

## सामग्री सङ्कलनमा प्रयोग गरिएका प्रश्नावली

विद्यालयको नाम :

विद्यार्थीको नाम : कक्षा :

१. विद्यार्थी जीवनमा अनुशासनको महत्त्व शीर्षकमा एक अनुच्छेद तयार पार ।

२. आफुले अनुभव गरेको २०७२ साल बैशाख १२ गते आएको भूकम्पको वर्णन गर्दै विदेशमा बस्नु भएको दाजुलाई चिठ्ठी लेख ।

३. आफुलाई मनपर्ने कुनै एउटा चाडपर्वका बारेमा कम्तीमा १५० शब्दसम्मको निबन्ध लेख ।

४. आफ्नो घरायसी आर्थिक अवस्था कमजोर भएकोले पढाइमा बाधा परेको कुरा दर्साउँदै छात्रवृत्तिका लागि प्रधानाध्यापकलाई निवेदन लेख ।

५. विपक्षीको मतको खण्डन गर्दै तलका मध्ये कुनै एक विषयको पक्ष वा विपक्षमा आफ्ना मतहरू लेख ।

अ) तरवारभन्दा कलम ठूलो

आ) धनभन्दा विद्या ठूलो

ई) बलभन्दा वुद्धि ठूलो

## परिशिष्ट ख

## प्रश्न सोधिएका विद्यार्थीहरूको नामावली

### १. श्री जनता माध्यमिक विद्यालय, डण्डा

| | | | | |
|---|---|---|---|---|
| सुस्मीता थनैत | आस्मा थनेत | कुस्मा महतो | निशा महतो | माया महतो |
| भूपेन्द्र महतो | हेमराज महतो | ईश्यर महतो | यम बहादुर महतो | लखन चौधरी |

### २. चण्डेश्वरी माध्यमिक विद्यालय, गोडार

| | | | | |
|---|---|---|---|---|
| रेशम महतो | गोविन्द महतो | पुजन महतो | जीत बहादुर महतो | केशव महतो |
| शुशीला महतो | आयुशा थनैत | निरु महतो | पूर्णीमा महतो | काजल थनेत |

### ३. श्री सरस्वती माध्यमिक विद्यालय, गोछडा

| | | | | |
|---|---|---|---|---|
| मनोज चौधरी | प्रेम महतो | दिपेश महतो | खेम बहादुर महतो | समीर चौधरी |
| रेखा गुरौ | आशिम थनेत | शुष्मा महतो | लक्ष्मी महतो | कोशिका महतो |

### ४. जनता माध्यमिक विद्यालय, नन्द भाउजू, इटौरा

| | | | | |
|---|---|---|---|---|
| मिरा महतो | हिरा महतो | सरीता महतो | मीता चौधरी | मिरा महतो |
| अर्जुन महतो | सुमन महतो | रेशम महतो | बबीन चौधरी | कोशिका थनेत |

५. **सनसाइन सेकेन्डरी इङ्गलिस बोडिङ्ग स्कुल, कुमावर्ती, ढोकी**

| | | | | |
|---|---|---|---|---|
| लीला महतो | देउ माया महतो | सन्जु महतो | अनु महतो | दर्शना महतो |
| नविन चौधरी | हिरालाल महतो | सुमन थनेत | नेहाल महतो | समिप चौधरी |

६. **सेन्टपोल इङ्गलिस स्कुल, कुमारवर्ती, गोछडा**

| | | | | |
|---|---|---|---|---|
| जेनिशा थनेत | केदार चौधरी | मदन महतो | राकेश धामी | मुकेश महतो |
| मुना महतो | अनीशा थनैत | आशिका महतो | सिर्जना महतो | कृतीका गुरौ |

७. **सिद्धार्थ बोडिङ्ग सेकेन्डरी स्कुल, कावासोती**

| | | | | |
|---|---|---|---|---|
| लक्ष्मी महतो | आयुशा चौधरी | पर्सिका महतो | सवीना गुरौ | अनुपा महतो |
| स्मीता महतो | समीर महतो | अमृत थनैत | विकास महतो | भुपेन्द्र चौधरी |

८. **गोल्डेन फ्युचर इङ्गलिस बोडिङ्ग स्कुल, चनौली**

| | | | | |
|---|---|---|---|---|
| बिशाल चौधरी | रवि महतो | राजु महतो | निशान महतो | सजल चौधरी |
| सीता चौधरी | संगिता महतो | माया महतो | आकृती थनैत | आएबिस महतो |

# परिशिष्ट ग

## अध्ययनका क्रममा लिइएका सामुदायिक तथा संस्थागत विद्यालयहरू

### सामुदायिक विद्यालय

१. श्री जनता माध्यमिक विद्यालय, डण्डा

२. चण्डेश्वरी माध्यमिक विद्यालय, गोडार

३. श्री सरस्वती माध्यमिक विद्यालय, गोछडा

४. जनता माध्यमिक विद्यालय, नन्द भाउजू, इटौरा

### संस्थागत विद्यालय

१. सनसाइन सेकेन्डरी इङ्गलिस बोडिङ्ग स्कुल, कुमावर्ती, ढोकी

२. सेन्टपोल इङ्गलिस स्कुल, कुमारवर्ती, गोछडा

३. सिद्धार्थ बोडिङ्ग सेकेन्डरी स्कुल, कावासोती

४. गोल्डेन फ्युचर इङ्गलिस बोडिङ्ग स्कुल, चनौली

# व्यक्तिवृत



नाम : रुन कुमारी महतो

जन्म मिति : २०४०/०८/०३

पिता : बेनीराम महतो

माता : रुक्मिणी महतो

स्थायी ठेगाना : कावासोती - १४, नवलपरासी

राष्ट्रियता : नेपाली

लिङ्ग : स्त्री

भाषिक ज्ञान : थारु, नेपाली र अंग्रेजी

सम्पर्क नं : ९८०८२५१६१०

**शिक्षा**

| तह | शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|
| एस.एल.सी. | श्री जनता मा.वि., कावासोती, नवलपरासी | २०५९ |
| आइ.ए. | श्री जनता मा.वि., कावासोती, नवलपरासी | २०६३ |
| बी.एड. | मध्यबिन्दु बहुमुखी क्याम्पस, कावासोती, नवलपरासी | २०६७ |
| एम.एड | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं | अध्ययनरत |